# कर्णाली प्रदेश योजना आयोगको वार्षिक प्रगति प्रतिवेदन

## आ.व.२०८१/८२




**कर्णाली प्रदेश सरकार**

# कर्णाली प्रदेश योजना आयोग

**वीरेन्द्रनगर, सुर्खेत**

**नेपाल**

**भाद्र, २०८२**

# कर्णाली प्रदेश योजना आयोगको वार्षिक प्रगति प्रतिवेदन

## आ.व.२०८१/८२

कर्णाली प्रदेश सरकार


# कर्णाली प्रदेश योजना आयोग

वीरेन्द्रनगर, सुर्खेत

नेपाल

भाद्र, २०८२

# कर्णाली प्रदेश योजना आयोगका वर्तमान पदाधिकारीहरूको विवरण



माननीय मुख्यमन्त्री एवम् अध्यक्ष
श्री यामलाल कडेल



माननीय उपाध्यक्ष
श्री सूर्यनाथ योगी



माननीय सदस्य
श्री अशोकनाथ योगी



माननीय सदस्य
श्री डम्बर बहादुर रावल




प्रमुख सचिव एवम् सदस्य,
श्री वीरेन्द्र कुमार यादव



सदस्य सचिव
श्री यज्ञ पुरी

# कर्णाली प्रदेश योजना आयोगका आ.व. २०८१/०८२ मा रहनुभएका पदाधिकारीहरूको विवरण



माननीय मुख्यमन्त्री एवम् अध्यक्ष
श्री यामलाल कडेल



माननीय उपाध्यक्ष
श्री सूर्यनाथ योगी



माननीय सदस्य
श्री अशोकनाथ योगी



माननीय सदस्य
श्री डम्बर बहादुर रावल



प्रमुख सचिव एवम् सदस्य,
श्री वीरेन्द्र कुमार यादव



सदस्य सचिव
श्री रविलाल शर्मा

# कर्णाली प्रदेश योजना आयोगका आ.व. २०८१/०८२ मा  कार्यरत कर्मचारीहरूको विवरण



प्रशासकीय प्रमुख (उपसचिव)
श्री गोपाल के.सी.



तथ्याङ्क अधिकृत
श्री हरि बहादुर घर्ती



शाखा अधिकृत
श्री मितलेश कमार यादव



शाखा अधिकृत
श्री सुर्य नेपाली



लेखा अधिकृत
श्री तिलक प्रसाद सापकोटा



प्रशासकीय अधिकृत
श्री सर्मिला थापा



प्रशासकीय अधिकृत
श्री फणिन्द्र प्रसाद शर्मा पौडेल



कम्प्युटर अपरेटर
श्री सुरज श्रेष्ठ



खरिदार
श्री उपेन्द्र न्यौपाने



हलुका सवारी चालक
श्री मोहन कुमार थापा



हलुका सवारी चालक
श्री प्रकाश कुमार बुढा



हलुका सवारी चालक
श्री राकेश कुमार चौधरी



कार्यालय सहयोगी
श्री उस बहादुर सिंह



कार्यालय सहयोगी
श्री निर्मल अधिकारी



माली
श्री दिपक बुढा

# प्राक्कथन

कर्णाली प्रदेश योजना आयोग (गठन तथा सञ्चालन) आदेश, २०७५ बमोजिम प्रदेशको दुरगामी सोच सहितको विकासको अवधारणा तयार गर्ने, उद्देश्य तथा लक्ष्य निर्धारण गर्ने, दीर्घकालीन, मध्यकालीन र अल्पकालीन नीति, रणनीति तथा योजना तर्जुमा गर्ने र प्रदेशस्तरका महत्वपूर्ण नीति तथा कार्यक्रम र आयोजनाहरुको अनुगमन एवं मूल्याङ्कन गरी प्राप्त सूचनाहरुको अध्ययन एवं विश्लेषण गरी प्रदेश सरकारलाई आवश्यकताअनुसार सल्लाह सुझाव र सहयोग प्रदान गर्ने विज्ञ समूहको रुपमा कार्य गर्ने जिम्मेवारी प्रदेश योजना आयोगको रहेको छ। तथ्यपरक नीति र योजना तर्जुमा, अध्ययन अनुसन्धान, अनुगमन मूल्याङ्कन तथा लगानी सम्मेलनको आयोजना गर्ने लगायतका जिम्मेवारी प्रदान गरेको छ । यसै क्रममा आयोगले कर्णाली प्रदेशको आवश्यकता र प्राथमिकता तय गर्नुका साथै दोस्रो पञ्चवर्षीय योजना निर्माण भई कार्यान्वयनको क्रममा रहेको छ । पञ्चवर्षीय योजनाले तय गरेअनुरुप नै प्रदेश गौरवका महत्त्वका बहुवर्षीय आयोजनाहरू पनि तय भई कार्यान्वयनका चरणमा छन् । प्रदेश रङ्गशाला, राजधानी पूर्वाधार, प्रदेश अस्पताल लगायत केही बहुवर्षीय आयोजनाबाट अपेक्षित परिणामहरू समेत देखिन थालेका छन् । रोजगारी सिर्जना, सामाजिक सुरक्षा, स्वास्थ क्षेत्र, कृषि उत्पादन लगायतका क्षेत्रमा सकारात्मक प्रभावहरू देखिन थालेका छन् ।

आर्थिक वर्ष २०८१/०८२ को शुरुवात सँगसँगै योजना आयोगले पूर्णता पाए पश्चात कर्णाली प्रदेशको आयोजनाको प्रस्ताव तथगा छनोट सम्बन्धी कार्यविधि, २०८१, कर्णाली प्रदेश आयोजना बैङ्क (कार्यसञ्चालन तथा व्यवस्थापन) मापदण्ड, २०८१ जस्ता कार्यविधि र मापदण्ड निर्माण, कर्णाली प्रदेश आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणालीको निर्माण गरी आयोजनाहरू उक्त प्रणालीबाटै छनोट, योजना तर्जुमा, अनुगमन मूल्याङ्कन र अध्ययन अनुसन्धानका क्षेत्रमा कार्यहरू भएका छन् । त्यसैगरी बजेट संशोधन र रकमान्तर, मध्यमकालीन खर्च संरचना तयार तथा प्रकाशन, बहुक्षेत्रीय पोषण सम्बन्धी कार्यक्रम, विकास परिषद्को बैठक, प्रदेश विकास समस्मा समाधान समितिको बैठक लगायतका अन्य नियमित कामहरू सम्पन्न भएका छन् । यस बाहेक माननीय मुख्यमन्त्रीज्यूको निर्देशन बमोजिम प्रदेश सरकारको नीति तथा कार्यक्रम तयार गर्न योजना आयोगको तर्फबाट विशेष भूमिका निर्वाह गरिएको थियो ।

योजना आयोगका कामकारवाहीलाई अघि बढाउन हामीलाई अविभावकत्व तथा निर्देशन गर्नुहुने माननीय मुख्यमन्त्री तथा आयोगका अध्यक्ष यामलाल कडेलज्यू लगायत सम्पूर्ण माननीय मन्त्रीज्यूहरूलाई विशेष धन्यवाद ज्ञापन गर्दछु । काममा अहोरात्र खट्नु हुने योजना आयोगका माननीय सहस्यहरू अशोकनाथ योगी र डम्बर बहादुर रावल तथा महत्वपूर्ण राय सुझाव प्रदान गर्नु हुने प्रमुख सचिव वीरेन्द्र कुमार यादव, आयोगका सदस्य सचिव तथा आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव रविलाल शर्मा लगायत सबै मन्त्रालयका सचिवज्यूहरूलाई विशेष धन्यवाद ज्ञापन गर्दछु । वार्षिक प्रदिवेदनको मस्यौदा लेखनमा खट्नुहुने आयोगका प्रशासकीय प्रमुख गोपाल के.सी. लगायत आयोगका सम्पूर्ण कर्मचारीहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । अन्त्यमा यो प्रगति प्रतिवेदन अध्ययन गरी आगामी दिनमा थप सुधारका लागि सुझाव प्रदान गर्नुहुन सबैलाई हार्दिक अनुरोध छ ।

**मा. सूर्यनाथ योगी**

**उपाध्यक्ष**

कर्णाली प्रदेश सरकार
# कर्णाली प्रदेश योजना आयोग
वीरेन्द्रनगर, सुर्खेत

पत्र संख्या - २०८२/८३ चलानी संख्या :

श्री माननीय मुख्यमन्त्री ज्यू
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत।

**विषयः आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन सम्बन्धमा।**

प्रदेशको दुरगामी सोच सहितको विकासको अवधारणा तयार गर्ने, उद्देश्य तथा लक्ष्य निर्धारण गर्ने, दीर्घकालीन र अल्पकालीन नीति, रणनीति तथा योजना तर्जुमा गर्ने र प्रदेश स्तरका महत्त्वपूर्ण नीति, कार्यक्रम र आयोजनाहरूको अनुगमन एवं मूल्याङ्कन गरी प्राप्त सूचनाहरूको अध्ययन एवं विश्लेषण गरी प्रदेश सरकारलाई आवश्यता अनुसार सल्लाह, सुझाव र सहयोग प्रदान गर्ने विज्ञ समूहको रुपमा प्रदेश योजना आयोगको (गठन तथा कार्य सञ्चालन) आदेश २०७५ को परिच्छेद-२ को दफा ६ (८)अनुसार वार्षिक प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था रहेको छ।
प्रदेश योजना आयोगले आ.व २०८१/८२ मा गरेका प्रमुख क्रियाकलापहरूको विवरण, कामको सिलसिलामा सिकेका अनुभवहरू, अध्ययन अनुसन्धान तथा सम्पादित कामको संक्षिप्त विवरण समावेश गरी प्रस्तुत वार्षिक प्रतिवेदन माननीय मुख्यमन्त्री ज्यू समक्ष पेश गरेको व्यहोरा सादर अनुरोध छ।

श्री यज्ञ पुरी
सदस्य सचिव

ठेगानाः- वीरेन्द्रनगर-८, बुलबुले गेट, सुर्खेत Email :- ppckarnali@gmail.com
सम्पर्क नं.:- ०८३-५२१६७६, ५२४८१६ Website:- kppc.karnali.gov.np

कर्णाली प्रदेश सरकार

# कर्णाली प्रदेश योजना आयोग

वीरेन्द्रनगर, सुर्खेत

पत्र संख्या - २०८२/८३ चलानी संख्या :

## सम्पादकको कलमबाट

दीर्घकालीन नीति, योजना निर्माण र विकास व्यवस्थापनमा सहयोग गर्ने उद्देश्यले २०७५ सालमा स्थापना गरिएको कर्णाली प्रदेश योजना आयोगले गत आर्थिक वर्ष २०८१/८२ मा कर्णाली प्रदेश योजना आयोग गठन आदेश, २०७५ सम्बद्ध अन्य सङ्घीय तथा प्रादेशिक कानुनहरू समेतको परिधिमा रही भए/गरेका कार्यहरूलाई समेटेर यस कर्णाली प्रदेश योजना आयोगको वार्षिक प्रगति प्रतिवेदन २०८१/८२ तयार गरी प्रकाशन गरेको छ।

कर्णाली प्रदेशमा प्रथम पञ्चवर्षीय योजनाको अवधि समाप्त भएको अवस्थामा 'समृद्ध कर्णाली, सुखारी कर्णालीवासी' को दीर्घकालीन सोचको मार्गचित्रसहित 'कर्णालीको सोच २१००', कर्णाली विकासको मोडेल लगायत समेटेर कर्णाली प्रदेशको दोस्रो पञ्चवर्षीय योजना २०८१/८२ देखि २०८५/८६ तयार गरी प्रकाशन गरेको छ। साथै, मध्यमकालीन खर्च संरचना २०८२/८३ देखि २०८४/८५ तयार गरी प्रकाशन गरेको छ। कर्णालीका विकासमा सहयोग गर्ने गरी कर्णाली विकास समस्या समाधान समितिको बैठकबाट १६ बुँदे निर्णयसमेत गरेको छ।

यस प्रदेशको आयोजना छनोट प्रणालीलाई सुव्यवस्थित गर्न 'आयोजनाको प्रस्ताव तथा छनोट प्रक्रिया सम्बन्धी कार्यविधि, २०८१' समेत संशोधन एवम् 'आयोजना बैंक सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०८१' कार्यान्वयनमा ल्याएको छ। आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीका माध्यमबाट आयोजना बैंकलाई बाध्यकारी गरिएको छ।

बहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालन, विकासका लागि विधायक कार्यक्रम, दिगो विकास सम्बन्धी सरोकारवालासँग अन्तरक्रिया कार्यक्रमहरू सम्पन्न भएका छन्। कर्णाली प्रदेश सरकारका स्वास्थ्य नीति, २०७५ र श्रम तथा रोजगार नीति, २०७६ को नीति अध्ययन विश्लेषण गरेको छ भने कर्णाली प्रदेशमा आयोजनाको बहुवर्षीय ठेक्का सहमति प्रक्रियालाई तथा रकमान्तर पद्धतिलाई समेत सुधार गर्दै लगेको छ। प्रदेशमा नीति, योजना, बजेट तथा कार्यक्रमलाई प्रभावकारी बनाउन समय समयमा माननीय उपाध्यक्षज्यू, माननीय सदस्यज्यू तथा प्रशासकीय प्रमुखज्यू समेतको नेतृत्वमा अनुगमन, मूल्याङ्कन गरी सम्बन्धित निकायमा प्रतिवेदन गर्ने गरिएको छ र विषयगत मन्त्रालयका विभिन्न फोरमहरूमा सुझावहरू समेत प्रदान गर्ने गरिएको छ।

कर्णाली प्रदेश योजना आयोगले गत आर्थिक वर्षमा सम्बद्ध कानुनले निर्देशित गरेका र अन्य विभिन्न कार्यहरू सम्पादन गर्न तथा आयोगको वार्षिक योजना, बजेट तथा कार्यक्रम कार्यान्वयनमा नीतिगत मार्गदर्शन तथा कार्यान्वयनको उपयुक्त वातावरण निर्माण गरिदिनुभएकोमा कर्णाली प्रदेश योजना आयोगका अध्यक्ष एवं माननीय मुख्यमन्त्रीज्यू, माननीय उपाध्यक्षज्यू, माननीय सदस्यज्यूहरू, प्रमुख सचिवज्यू, आयोगका सदस्य सचिवज्यू र विषयगत मन्त्रालयका प्रदेश सचिवज्यू प्रति आभारी छौँ। आयोगमा यसअघि कार्यरत रहनुभएका प्रशासकीय प्रमुखज्यूहरू, विगत र हालसम्म विभिन्न शाखामा कार्यरत कर्मचारी मित्रहरू विशेष गरी यो प्रगति प्रतिवेदन तयारीमा खटिनुहुने कम्प्युटर अपरेटर सुरज श्रेष्ठ र कम्प्युटर अधिकृत भुवन कँडेलसमेतलाई विशेष धन्यवाद व्यक्त गर्न चाहन्छु।

जय कर्णाली, जय कर्णालीवासी।

गोपाल के.सी.
प्रशासकीय प्रमुख (उप सचिव)
कर्णाली प्रदेश योजना आयोग

ठेगाना:- वीरेन्द्रनगर-८, बुलबुले गेट, सुर्खेत
सम्पर्क नं.:- ०८३-५२१६७६, ५२४८१६
Email :- ppckarnali@gmail.com
Website:- kppc.karnali.gov.np

# विषय सूची

**विषय** **पृष्ठ नं.**


१. कर्णाली प्रदेशको संक्षिप्त परिचय ........ १
२. कर्णाली प्रदेश योजना आयोगको परिचय ........ २
३. कर्णाली प्रदेश योजना आयोगको काम, कर्तव्य र अधिकार ........ २
४. प्रतिवेदनको पृष्ठभूमि ........ ४
५. प्रतिवेदनको उद्देश्य ........ ४
६. आयोगले आ.व. २०८१/०८२ मा गरेका प्रमुख कार्यहरू ........ ४
७. आयोगका विभिन्न समितिहरूको बैठक र महत्त्वपूर्ण निर्णयहरू : ........ १०
८. कार्य सम्पादनबाट भएका उपलब्धी ........ २१
९. बजेट तथा कार्यक्रम कार्यान्वयनका क्रममा देखिएका समस्या/चुनौतीहरू : ........ २३
१०. आयोगको सिकाईहरू ........ २३
११. आगामी आ.व. मा सुधार गर्नुपर्ने ........ २४
**अनुसूचीहरू**

# १. कर्णाली प्रदेशको संक्षिप्त परिचय

नेपालको संविधानको धारा ४ को उपधारा (१) मा नेपाल सङ्घीय राज्य हुने व्यवस्था गरिएको छ। संविधानको धारा ५६ को उपधारा (१) राज्यसंरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र उपधारा (२) नेपालको राजकीय सत्ताको प्रयोग यी तीनै तहले गर्ने व्यवस्था गरिएको छ। संविधानकै अनुसूची ४ मा प्रदेश ६ को व्यवस्था गरिएको छ; विक्रम संवत २०७४ फागुन १२ गते बसेको प्रदेश सभाको चौथो वैठकले प्रदेश ६ लाई कर्णाली प्रदेश भनी नामाकरण गर्‍यो। यो प्रदेश स्थापनाको लागि कर्णालीका जनताको बलिदानीपूर्ण सङ्घर्ष र सशक्त आन्दोलन गर्नु परेको थियो। साविकको कर्णाली अञ्चलका जुम्ला, हुम्ला, मुगु, डोल्पा र कालीकोट, भेरी अञ्चलका दैलेख, सुर्खेत र जाजरकोट ३ पहाडी जिल्ला र राप्ती अञ्चलका रुकुम पश्चिम र सल्यान गरी १० जिल्लाहरू मिलेर कर्णाली प्रदेश बनेको छ। यस प्रदेशमा ७९ वटा स्थानीय तह छन्।

कर्णाली प्रदेश २८ डिग्री १० मिनेट ७ सेकेन्ड उत्तरी आक्षांशदेखि ३० डिग्री २६ मिनेट ५० सेकेन्ड उत्तरसम्म र ८० डिग्री ५८ मिनेट ५८ सेकेन्ड पूर्वी देशान्तरदेखि ८३ डिग्री ४० मिनेट ५७ सेकेन्ड पूर्वसम्म फैलिएको छ। यस प्रदेशमा समुद्र सतहबाट सबैभन्दा होचो भू-भाग कर्णाली र भेरीको दोभान जामु कुइने १८० मिटर उचाइमा रहेको छ भने सबैभन्दा उच्च भू-भाग डोल्पा जिल्लाको चुरेन हिमाल ७,३४८ मिटर उचाईमा रहेको छ। उत्तर दक्षिण २५० कि.मी. र पूर्व पश्चिम २६५ कि.मी. सम्म फैलिएको यो प्रदेशमा विविध हावापानीका साथै धरातलीय तथा जैविक विविधता रहेको पाइन्छ।

कर्णाली प्रदेशको कूल क्षेत्रफल ३०,२११ वर्ग कि.मी. रहेको छ। यो प्रदेश नेपालका ७ प्रदेश मध्ये क्षेत्रफलका हिसाबले सबैभन्दा ठूलो प्रदेश हो। यो प्रदेशले नेपालको कूल भू-भागको २१.६ प्रतिशत भु-भाग ओगटेको छ। त्यसैगरी यस प्रदेशको डोल्पा जिल्ला क्षेत्रफलका हिसाबले नेपालकै सबैभन्दा ठूलो जिल्ला हो। डोल्पा जिल्लाले ७,८८९ वर्ग कि.मी. क्षेत्रफल ओगटेको छ। नेपालको सबैभन्दा ठूलो ताल रारा ताल र सबै भन्दा गहिरो ताल से-फोक्सुण्डो ताल पनि यसै प्रदेशमा अवस्थित छन्। यस प्रदेशमा २५ वटा नगरपालिका र ५४ वटा गाउँपालिका गरी कुल ७९ स्थानीय तहका जम्मा ७१८ वडाहरू रहेका छन्। यस प्रदेशको कुल भू-भागको ६.६४ प्रतिशत कृषि भूमि रहेको छ। यस्तै वन क्षेत्र ३८.६ प्रतिशत र बुट्यान क्षेत्र २.२ प्रतिशत गरी प्रदेशको कुल वन क्षेत्र ४०.८ प्रतिशत हुन आउँछ भने संरक्षित क्षेत्र २४.६ प्रतिशत रहेको छ। यसै गरी हिमक्षेत्रले २४.५५ प्रतिशत र जल क्षेत्रले ०.२ प्रतिशत भूमि ओगटेको छ भने बाँझो जमीन ३०.२९ प्रतिशत रहेको छ।

वि.सं. २०७८ को राष्ट्रिय जनगणना अनुसार यस प्रदेशको कुल जनसंख्या १६ लाख ८८ हजार ४ सय १२ रहेको छ। जसअनुसार ८ लाख २३ हजार ७६१ पुरुष र ८ लाख ६४ हजार ६५१ जना महिला छन्। प्रदेशमा कुल ३ लाख ६६ हजार २५५ घर परिवार रहेका छन्। जनघनत्व प्रति वर्ग कि.मी. ६० रहेको छ। कर्णाली प्रदेशको औसत वार्षिक जनसङ्ख्या वृद्धिदर ०.७०% रहेको छ भने यस प्रदेशको लैङ्गिक अनुपात ९५.२७ रहेको छ। त्यस्तै यस प्रदेशको औसत परिवार आकार ४.६१ जना रहेको छ।

## २. कर्णाली प्रदेश योजना आयोगको परिचय

कर्णाली प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ अनुसार कर्णाली प्रदेश सरकारले कर्णाली प्रदेश योजना आयोगको गठन गरेको हो। प्रदेशको दुरगामी सोच सहितको विकासको अवधारणा तयार गर्ने, उद्देश्य तथा लक्ष्य निर्धारण गर्ने, दीर्घकालीन र अल्पकालीन नीति, रणनीति तथा योजना तर्जुमा गर्ने र प्रदेश स्तरका महत्वपूर्ण नीति, कार्यक्रम र आयोजनाहरूको अनुगमन एवं मूल्याङ्कन गरी प्राप्त सूचनाहरूको अध्ययन एवं विश्लेषण गरी प्रदेश सरकारलाई आवश्यकता अनुसार सल्लाह, सुझाव र सहयोग प्रदान गर्ने विज्ञ समूहको रुपमा कार्य गर्ने योजना आयोगको मूल उद्देश्य रहेको छ। आयोगमा कर्णाली प्रदेशका मुख्यमन्त्री अध्यक्ष, प्रदेश सरकारबाट नियुक्त एक जना विज्ञ उपाध्यक्ष, प्रदेश सरकारबाट नियुक्त बढीमा दुईजना विज्ञ सदस्य, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रमुख सचिव सदस्य र आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव सदस्य-सचिव रहने व्यवस्था छ । आयोगमा तीनजना विज्ञहरू पूर्णकालीन सदस्य हुन्छन भने बाँकी पदाधिकारीहरू पदेन सदस्यको रुपमा रहन्छन्।

वि.सं. २०७५/०८/०९ गते आयोगको प्रथम बैठक बसी आयोगले आफ्नो कार्य प्रारम्भ गरेको हो। आयोग गठन पश्चात् कर्णाली प्रदेशको प्रथम पञ्चवर्षीय योजना (२०७५/७६–२०८०/८१), कर्णाली प्रदेशको पार्श्वचित्र २०७६, कर्णाली प्रदेश अनुगमन तथा मूल्याङ्कन निर्देशिका, २०७५ निर्माण, दिगो विकास लक्ष्य सूचकहरूको स्थानीयकरण श्रोत पुस्तिका प्रकाशन, मध्यमकालीन खर्च संरचना प्रकाशन, दोस्रो पञ्चवर्षीय योजना (२०८१/०८२-२०८५/०८६) निर्माण एवम् प्रकाशन, कर्णाली प्रदेशको आयोजनाको प्रस्ताव तथा छनोट प्रक्रिया सम्बन्धी कार्यविधि, २०८१, कर्णाली प्रदेश आयोजना बैङ्क (कार्यसञ्चालन तथा व्यवस्थापन) मापदण्ड, २०८१ निर्माण लगायतका कार्यहरू गरेको छ। प्रदेशस्तरीय विकास समस्या समाधान समिति र विकास परिषदको बैठक समेत आयोगले सञ्चालन गरेको छ। विकास साझेदाहरूसँग समन्वयात्मक बैठक बसी साझेदारहरूको परिचालनमा समेत नेतृत्व लिएको थियो। आयोगले हाल आफ्नो नियमित कार्यक्रमका अतिरिक्त कर्णाली प्रदेशमा बहुक्षेत्रीय पोषण कार्यक्रम समेत सञ्चालन गर्दछ।

## ३. कर्णाली प्रदेश योजना आयोगको काम, कर्तव्य र अधिकार

कर्णाली प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ बमोजिम आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने व्यवस्था गरिएको छ।

**(क) दीर्घकालीन सोच, तथ्यपरक नीति तथा योजना तर्जुमा सम्बन्धी**

(१) प्रदेशको समग्र समृद्धिका लागि दुरगामी सोच सहितको दीर्घकालीन लक्ष्य, मार्गचित्र, नीति तथा योजना तर्जुमा गर्ने,

(२) आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, पर्यावरणीय र सुशासनको क्षेत्रमा रणनीति प्रकृतिका आवधिक नीति तथा योजना तयार गर्ने,

(३) लाभ लागत लगायतका विविध विश्लेषणको आधारमा बैंक (प्रोजेक्ट बैंक) निर्माण गर्ने,

(४) प्रादेशिक स्रोतको अनुमान, प्रक्षेपण र वितरण, आयोजनाको आर्थिक, सामाजिक वित्तीय, प्राविधिक र वातावरणीय विश्लेषणको लागि प्रादेशिक मापदण्ड तयार गर्ने वा गर्न लगाउने,

(५) अध्ययन, अनुसन्धान तथा तथ्यपरक नीति निर्माण प्रक्रियालाई अवलम्बन गरी विभिन्न क्षेत्रगत नीतिहरूको निर्माण तथा तिनको कार्यान्वयनको समन्वय र सहजीकरण गर्ने,

(६) अर्थतन्त्रका समष्टिगत क्षेत्रहरूमा अध्ययन गरी त्यस बमोजिमको नीति तथा योजनाहरूको तर्जुमा गर्ने गराउने,

(७) प्रादेशिक योजनाको अध्यावधिक विवरण खुल्ने स्थिति पत्र तयार गर्ने,

(८) योजनाको वार्षिक तथा आवधिक प्रतिवेदन तयार गर्ने ।

**(ख) अनुगमन तथा मूल्याङ्कन सम्बन्धी**

(१) अनुगमन, मूल्याङ्कन मापदण्ड, कार्यविधि र ढाँचा बनाउने,

(२) कर्णाली प्रदेशको विकास सम्बन्धी नीति, योजना, कार्यक्रम तथा आयोजनाको कार्यान्वयनको अवस्था र प्रतिफल तथा प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गर्ने तथा त्यसलाई प्रदेश सरकारका विभिन्न निकायहरूमा लागु गरी संस्थागत गराउने,

(३) मूल्याङ्कन लागि आवश्यक मापदण्ड र प्रक्रिया निर्धारण गरी विषय क्षेत्रगत नीतिहरू र प्राथमिकता प्राप्त कार्यक्रम तथा आयोजनाहरूको प्रभाव मूल्याङ्कन गर्ने, गराउने र त्यसको आधारमा नीति तथा कार्यान्वयनको तहमा गर्नुपर्ने सुधारका सम्बन्धमा सुझाव दिने,

(४) अनुगमन तथा मूल्याङ्कनको विषयमा सरकारी, सार्वजनिक, स्वतन्त्र मूल्याङ्कनकर्ता तथा विषयगत पेशागत संघ संस्था, नागरिक समाज र विकासका साझेदारी बीच सञ्चालनको विकास र यस सम्बन्धी अनुभवको आदान प्रदान गरी विशेषज्ञताको विकास गरी विशेषज्ञताको विकास गर्ने गराउने ।

**(ग) तहगत समन्वय सम्बन्धी**

(१) प्रदेश र स्थानीय तहको विकास सम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयनमा समन्वय, सुहयोग र सहजीकरण गर्ने ।

**(घ) अध्ययन, अनुसन्धान तथा अन्वेषण सम्बन्धी**

(१) प्रादेशिक नीतिको सान्दर्भिकता वा विकास योजना तथा कार्यक्रमका विभिन्न पक्षको विषयमा स्वतन्त्र विज्ञ व्यक्ति, निकाय वा संस्थाबाट अन्तराष्ट्रिय स्तरको शोध तथा अनुसन्धान गर्ने गराउने र तत्सम्बन्धी प्रणालीको विकास गर्ने,

(२) प्राज्ञिक, सार्वजनिक, निजी क्षेत्र तथा गैरसरकारी क्षेत्रको साझेदारीमा नीति तथा योजनाको विकास तथा कार्यान्वयनको क्षेत्रमा हुने अनुसन्धान तथा अध्ययनमा प्रोत्साहन तथा सहजीकरण गर्ने,

(३) आर्थिक विकास, सामाजिक विकास, भौतिक पूर्वाधार, जलस्रोत तथा उर्जा, प्राकृतिक स्रोत व्यवस्थापन र सुशासन तथा व्यवस्थापन लगायत विभिन्न विषयगत क्षेत्रको उत्पादन र व्यवसायको संरचना, ढाँचा तथा प्रविधिमा रुपान्तरण गर्नुपर्ने विषयका लाग तथ्यपरक नीति, सुझाव तथा प्रस्तावहरू सिफारिस गर्ने,

(४) लगानीका लागि आवश्यक समन्वय, परामर्श गरी लगानीको वातावरण तयार गर्ने ।

## ४. प्रतिवेदनको पृष्ठभूमि

प्रदेश सरकारलाई योजना तथा विकास सम्बन्धी सल्लाह, सुझाव र सहयोग प्रदान गर्ने विज्ञ समूहको रुपमा प्रदेश योजना आयोगको गठन भएको हो । आयोगले प्रदेशको दुरगामी सोच सहितको विकासको अवधारणा तयार गर्ने, उद्देश्य तथा लक्ष्य निर्धारण गर्ने, दीर्घकालीन र अल्पकालीन नीति, रणनीति तथा योजना तर्जुमा गर्ने र प्रदेश स्तरका महत्त्वपूर्ण नीति, कार्यक्रम र आयोजनाहरूको अनुगमन एवं मुल्याङ्कन गरी प्राप्त सूचनाहरूको अध्ययन एवं विश्लेषण गरिरहेको छ । कर्णाली प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ को दफा २२ को उपदफा (१),(२),(३) र (४) अनुसार आर्थिक बर्ष २०८१/८२ मा आयोगले सञ्चालन गरेका मुख्य क्रियाकलापहरू समेटेर यो बार्षिक प्रगति प्रतिवेदन तयार गरिएको छ ।

## ५. प्रतिवेदनको उद्देश्य

कर्णाली प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ को दफा २२ अनुसार कर्णाली प्रदेश योजना आयोगले आ.व. २०८१/०८२ मा सञ्चालन गरेका क्रियाकलापहरूको विवरण, कार्य गर्दा हासिल गरेका अनुभवहरू र भविष्यका लागि सुझावहरू समावेश भएको बार्षिक प्रगति प्रतिवेदन कर्णाली प्रदेश सरकारलाई पेश गर्ने ।

## ६. आयोगले आ.व. २०८१/०८२ मा गरेका प्रमुख कार्यहरू

### (क) योजना तर्जुमा तथा कार्यान्वयन सम्बन्धी

- कर्णाली प्रदेश योजना आयोगले आर्थिक वर्ष २०८१/८२ मा सम्पन्न प्रमुख कार्य अन्तर्गत कर्णाली प्रदेशको दोस्रो पञ्चवर्षीय योजना (२०८१/०८२–२०८५/०८६) को अन्तिम मस्यौदा दोस्रो विकास परिषद्बाट अनुमोदन भई मिति २०८१।०९।१९ गतेको मन्त्रिपरिषद्बाट स्वीकृत गरी योजनाको पुस्तक प्रकाशन तथा माननीय मुख्यमन्त्री यामलाल कडेलज्यू, कर्णाली प्रदेश सरकारका पूर्व मूख्यमन्त्रीहरू क्रमशः माननीय जीवन बहादुर शाहज्यू, माननीय राजकुमार शर्माज्यू, प्रदेश सभाका सभामुख माननीय नन्दा गुरुङ्गज्यू एवं कर्णाली प्रदेश योजना आयोगका उपाध्यक्ष माननीय सूर्यनाथ योगीज्यूबाट संयुक्त रुपमा विमोचन गरिएको छ । उक्त योजनाले नेपालकै दीर्घकालीन सोच "समृद्ध नेपालः सुखी नेपाली" र प्रदेशको दीर्घकालीन सोच "समृद्ध कर्णालीः सुखारी कर्णालीवासी" लाई दृष्टिगत गरी "सुशासन, सामाजिक न्याय र समृद्ध कर्णाली" भन्ने दीर्घकालीन सोचलाई अंगिकार गरेको छ । यस योजनाको लक्ष्य नवप्रवर्तन, प्रविधि तथा मानवपुँजी प्रबर्द्धन, उत्पादनशील र रोजगारमूलक अर्थतन्त्र निर्माण, सामाजिक न्याय र सुशासनमार्फत समाजवाद उन्मुख समुन्नत कर्णाली निर्माण गर्नु रहेको छ भने यसको उद्देश्य उत्पादन, रोजगारी र आय वृद्धि गरी गरीबी न्यूनीकरण गर्ने, सहज तथा सर्वसुलभ पहुँच र सघन आबद्धता कायम गर्ने, सिर्जनशील, सम्मानित तथा न्यायपूर्ण समाज प्रवर्द्धन गर्ने, सुशासन प्रबर्द्धन गरी विकासको प्रतिफल जनतासामु पुऱ्याउने र सार्वजनिक सेवाको सुदृढीकरण गर्ने भन्ने रहेको छ ।

- प्रदेश सरकारले सञ्चालन गर्ने विभिन्न प्रकारका विकास निर्माणसँग सम्बन्धित आयोजनाको पहिचान, प्रस्ताव, विश्लेषण, मूल्याङ्कन, प्राथमिकीकरण र छनोट प्रक्रियालाई वस्तुनिष्ठ एवम् माग र आवश्यकतामा आधारित बनाई उपलब्ध स्रोत साधनको उच्चतम उपयोग हुने गरी विनियोजन कुशलता कायम गर्न र आयोजना छनोट प्रक्रियामा सम्बद्ध पक्षको सहभागिता तथा जवाफदेहीता बढाउदै आयोजना अनुशासन कायम गरी समग्र आयोजना छनोट प्रक्रियालाई व्यवस्थित, प्रणालीबद्ध तथा संस्थागत गर्न कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ५४ ले दिएको अधिकार प्रयोग गरी कर्णाली प्रदेश सरकारले आयोजनाको प्रस्ताव तथा छनोट प्रक्रिया सम्बन्धी कार्यविधि, २०८१ निर्माण गरी मिति २०८१।११।१३ गतेको मन्त्रिपरिषद्को बैठकबाट स्वीकृत भई प्रदेश राजपत्रमा समेत प्रकाशित भई कार्यान्वयनमा रहेको छ।
- कर्णाली प्रदेश सरकार माननीय मुख्यमन्त्री तथा कर्णाली प्रदेश योजना आयोगका अध्यक्ष श्री यामलाल कडेलज्यूको अध्यक्षतामा मिति २०८१।१२।३१ गते बसेको बैठकबाट "कर्णाली प्रदेश आयोजना बैंक (कार्य सञ्चालन तथा व्यवस्थापन) मापदण्ड, २०८१" स्वीकृत गरिएको छ । यस मापदण्डमार्फत प्रदेशस्तरीय आयोजना व्यवस्थापनलाई व्यवस्थित, पारदर्शी र परिणाममुखी बनाउन आवश्यक कार्यपद्धति निर्धारण गरिएको छ । आयोजना बैंकमा समावेश हुने आयोजनाको छनोट, मूल्यांकन, प्राथमिकता निर्धारण, दर्ता, अद्यावधिक र व्यवस्थापन सम्बन्धी स्पष्ट व्यवस्था गरिएको यस मापदण्डले प्रदेश सरकारको आयोजना छनोट प्रक्रिया थप व्यवस्थित, तथ्यपरक र उत्तरदायी हुने अपेक्षा गरिएको छ।
- "कर्णाली प्रदेश आयोजना बैंक (कार्य सञ्चालन तथा व्यवस्थापन) मापदण्ड, २०८१" बमोजिम कर्णाली प्रदेश आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली (KPPBMIS) निर्माण गरिएको छ । सो प्रणालीमार्फत "कर्णाली प्रदेश आयोजनाको प्रस्ताव तथा छनोट प्रक्रिया सम्बन्धी कार्यविधि, २०८१" बमोजिम सिफारिस भएका आयोजनाहरू प्रविष्टि गर्ने कार्य सम्पन्न गरिएको छ । उक्त प्रणालीमा हालसम्म ५० लाखभन्दा माथिका ७८१५ वटा आयोजना र ५० लाखभन्दा साना (प्रोजेक्ट रोस्टर) १५४३८ वटा आयोजना प्रविष्टि भएका छन् । यिनै आयोजना बैंकमा प्रविष्टि भएका आयोजनामध्येबाट आगामी आ.व. २०८२/०८३ का लागि आवश्यक आयोजना छनोट गरी वार्षिक विकास कार्यक्रममा समावेश गरिएको छ।
- आर्थिक वर्ष २०८२/०८३ देखि २०८४/०८५ सम्मको मध्यमकालीन खर्च संरचना (MTEF) लाई थप व्यवस्थित, दिगोपनायुक्त र प्रविधिमैत्री बनाउन कर्णाली प्रदेश योजना आयोगद्वारा मध्यमकालीन खर्च संरचना व्यवस्थापन सूचना प्रणाली (MTEF-MIS) निर्माण गरी सञ्चालनमा ल्याइएको छ। यस प्रणालीमा विषयगत मन्त्रालयहरूले आफ्ना कार्यक्रम, बजेट आवश्यकताहरू, प्राथमिकता, लक्ष्य तथा अनुमानित खर्चसम्बन्धी विवरणहरू प्रत्यक्ष रूपमा प्रविष्ट गर्न सक्ने सुविधा प्रदान गरिएको छ । यसरी संकलित विवरणहरूको एकीकृत संकलन र प्रशोधनमार्फत प्रदेश सरकारको सम्पूर्ण नीति तथा कार्यक्रमसँग समन्वय हुने गरी तथ्यपरक खर्च संरचना तयार पार्न सकिने व्यवस्था मिलाइएको छ। उक्त प्रणालीमार्फत प्राप्त भएका विवरणका आधारमा सबै मन्त्रालयहरूको त्रिवार्षिक मध्यमकालीन खर्च संरचना (MTEF) पुस्तक तयार गरी प्रकाशन गरिएको छ । यसले प्रदेश सरकारलाई बजेट पूर्वानुमान, स्रोत परिचालन, खर्च प्राथमिकता निर्धारण तथा दीर्घकालीन योजनासँग बजेट कार्यान्वयनलाई जोड्न महत्त्वपूर्ण योगदान पुऱ्याएको छ।

- कर्णाली प्रदेश आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली (KPPBMIS) र मध्यमकालीन खर्च संरचना व्यवस्थापन सूचना प्रणाली (MTEF-MIS) को प्रभावकारी सञ्चालनका लागि प्रदेशका विषयगत मन्त्रालयका सम्बन्धित फोकल पर्सनहरूलाई लक्षित गरी अभिमुखीकरण कार्यक्रम आयोजना गरिएको छ। यस अभिमुखीकरणमार्फत प्रणालीहरूको प्रयोगबारे आवश्यक प्राविधिक जानकारी, प्रयोग प्रक्रिया र कार्यसम्पादनमा ध्यान दिनुपर्ने पक्षहरूबारे स्पष्ट पारिएको छ, जसले प्रणालीहरूको दिगोपनामा सहयोग पुगोस् भन्ने उद्देश्य लिइएको छ।

**(ख) अनुगमन तथा मूल्याङ्कन सम्बन्धी**

- कर्णाली प्रदेश योजना आयोगका माननीय उपाध्यक्ष, माननीय सदस्यहरू, प्रशासकीय प्रमुख तथा आयोगका अन्य कर्मचारीहरूद्वारा प्रदेशभित्रका विभिन्न जिल्लाहरूमा अनुगमन कार्यक्रम सञ्चालन गरिएको थियो। यस अनुगमनको उद्देश्य प्रदेशका तहहरूमा सञ्चालन भइरहेका योजना तथा कार्यक्रमहरूको कार्यान्वयन अवस्था, स्रोतको प्रभावकारी उपयोग, योजना–कार्यक्रमको प्रगतिलगायतका पक्षहरूको जानकारी लिनु थियो। अनुगमनका क्रममा जिल्लास्तरीय सरकारी कार्यालय, सरोकारवाला निकायहरूसँग छलफल र सुधारका सिफारिसहरू प्रदान गरिएको थियो, जसले आगामी योजनाको गुणस्तर, पारदर्शिता र प्रभावकारितामा योगदान पुऱ्याउने अपेक्षा गरिएको थियो।

**(ग) समन्वय/सहकार्य सम्बन्धी**

- कर्णाली प्रदेश योजना आयोग, सुर्खेतले यस आर्थिक वर्षको वार्षिक कार्यक्रम अन्तर्गत अन्तर-प्रदेश सिकाइ तथा अनुभव आदानप्रदान कार्यक्रम सञ्चालन गरेको छ। यस कार्यक्रमको उद्देश्य प्रदेशहरूबीच योजना तथा नीति निर्माण, कार्यान्वयन, अनुगमन र समन्वय सम्बन्धी अनुभव साझा गर्नु, सिकाइ बढाउनु र उत्कृष्ट अभ्यासहरू अपनाउने अवसर प्रदान गर्नु रहेको थियो। कार्यक्रममा कर्णाली प्रदेश योजना आयोगमा सुदूरपश्चिम प्रदेश नीति तथा योजना आयोगबाट पदाधिकारी र कर्मचारीहरू मिति २०८२ असार ०८ गते भ्रमण गर्नुभएको र यस कर्णाली प्रदेश योजना आयोगका पदाधिकारी तथा कर्मचारीहरू गण्डकी प्रदेश नीति तथा योजना आयोग र लुम्बिनी प्रदेश योजना आयोगमा मिति २०८२ असार ७ देखि ११ गतेसम्म भ्रमण गरी अनुभव आदानप्रदान गर्नुभएको थियो। अनुभव आदानप्रदान कार्यक्रम अन्तर्गत सहभागी आयोगका प्रतिनिधिहरूले आफ्ना प्रदेशमा लागू भएका नीति, योजना, आयोजना छनोट प्रक्रिया, सूचना प्रणालीको प्रयोग र कार्यक्रम व्यवस्थापनका अभ्यासहरू प्रस्तुत गर्नुभएको थियो भने कर्णाली प्रदेशले आफ्ना कार्यक्रम, योजना व्यवस्थापन अभ्यास, आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली (KPPBMIS) र मध्यमकालीन खर्च संरचना व्यवस्थापन सूचना प्रणाली (MTEF-MIS) सम्बन्धी अनुभव साझा गरेको थियो। यसरी गरिएको अन्तर-प्रदेश सिकाइ कार्यक्रमले प्रदेश योजना आयोगहरूबीच सहकार्य र ज्ञान साझेदारीलाई थप मजबुत बनाएको र आगामी योजना तथा कार्यक्रम कार्यान्वयनमा प्रभावकारीता र दक्षता वृद्धि गर्ने महत्वपूर्ण योगदान पुऱ्याएको छ।

- नेपाल सरकारको नेतृत्वमा, विषयगत मन्त्रालय, विकास साझेदार तथा सरोकारवालाहरूको सहकार्यमा बहुक्षेत्रीय पोषणसँग सम्बन्धित कार्यक्रम सञ्चालन गरिएको छ। यस सन्दर्भमा यूएसएआईडी एकीकृत पोषण परियोजना (USAID Integrated Nutrition Project) मार्फत प्रदेश सरकार, स्थानीय तह र अन्य सरोकारवालाहरूसँग सहकार्य गरी कर्णाली प्रदेशमा पोषण अवस्थाको सुधारका लागि विशेष आवश्यकता र प्राथमिकता पहिचान गर्ने उद्देश्यले प्रदेशस्तरीय वार्षिक कार्य योजना निर्माण कार्यशाला (Annual Work Plan Co-Creation Workshop) आयोजना गरी सफलतापूर्वक सम्पन्न गरिएको छ।
- मिति २०८१।१०।१५ गते वीरेन्द्रनगर, सुर्खेत मा कर्णाली प्रदेश योजना आयोगद्वारा N4G Summit 2021 को समीक्षा तथा आगामी N4G Summit 2025 का लागि प्रतिवद्धता तयारी कार्यशाला/गोष्ठी आयोजना गरिएको थियो । यस कार्यशालाको मुख्य उद्देश्य N4G Summit 2021 का उपलब्धि, सन्देश र सिफारिसहरूलाई मूल्याङ्कन गर्नु र आगामी 2025 Summit मा कर्णाली प्रदेशको समग्र प्रतिबद्धता तथा योगदान सुनिश्चित गर्न रणनीतिक योजना तयार गर्नु थियो । कार्यशालामा प्रदेशका विषयगत मन्त्रालय, स्थानीय तहका प्रतिनिधि, विकास साझेदारहरू र सरोकारवालाहरू सहभागी थिए । कार्यक्रममा सहभागीहरूले 2021 Summit का उपलब्धि र चुनौतीहरूको समीक्षा गरेका थिए, आगामी Summit का लागि आवश्यक कार्यक्रम, रणनीति र प्रतिवद्धताका पहलहरूमा छलफल गरेका थिए। यस गोष्ठीमार्फत कर्णाली प्रदेशले बालबालिका पोषण, स्वास्थ्य, शिक्षा र दिगो विकास लक्ष्य (SDGs) सँग सम्बन्धित पहलहरूमा आफ्नो सक्रिय योगदान सुनिश्चित गर्ने तयारी गरेको छ, जसले आगामी अन्तर्राष्ट्रिय सम्मेलनमा प्रदेशको स्पष्ट भूमिका र प्रतिबद्धता प्रस्तुत गर्न सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ।
- कर्णाली प्रदेशमा सञ्चालन भइरहेका विश्व खाद्य कार्यक्रम, UNDP, UNICEF लगायत विभिन्न विकास साझेदार संस्थाहरूको वार्षिक कार्य समिक्षा तथा भावी योजना सम्बन्धी समन्वय गर्न कर्णाली प्रदेश योजना आयोगमा संयुक्त कार्यक्रम आयोजना गरी सफलतापूर्वक सम्पन्न गरिएको छ। यस कार्यक्रमको माध्यमबाट प्रदेशमा लागू भएका योजना तथा कार्यक्रमहरूको प्रगति विश्लेषण, आगामी कार्ययोजनाको योजना बनाउने प्रक्रिया र सरोकारवाला बीच समन्वय सुदृढ बनाउने उद्देश्य पूरा गरिएको थियो।
- कर्णाली प्रदेश सरकारले निर्माण गरेको "आयोजनाको प्रस्ताव तथा छनोट प्रक्रिया सम्बन्धी कार्यविधि, २०८१" स्वीकृत पश्चात सो कार्यविधिको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न कर्णाली प्रदेश योजना आयोगले अभिमुखीकरण कार्यक्रम आयोजना गरेको छ। यस कार्यक्रमको मुख्य उद्देश्य प्रदेशका विषयगत मन्त्रालय र जिल्लास्थित कार्यालयका कर्मचारीहरूलाई आयोजना प्रस्ताव तयार गर्ने, प्राथमिकता निर्धारण गर्ने, छनोट प्रक्रिया अपनाउने, आयोजना मूल्याङ्कन गर्ने र अनुगमन गर्ने सम्बन्धी स्पष्ट मार्गदर्शन प्रदान गर्नु रहेको थियो । अभिमुखीकरण कार्यक्रम मिति २०८१ फागुन २५ देखि २८ गतेसम्म सञ्चालन गरिएको थियो।
- प्रदेशस्थित विषयगत मन्त्रालय तथा निकायका योजना तथा बजेट महाशाखा प्रमुख, मध्यमकालीन खर्च संरचना (MTEF) फोकल पर्सन तथा तथ्याङ्क अधिकृतहरूको क्षमता विकास र अन्तरसंचार सुदृढीकरणका लागि आवधिक योजना, आयोजना बैंक, मध्यमकालीन खर्च संरचना (MTEF) र बजेट

सूचना प्रणाली (PLMBIS) बीचको अन्तरआवद्धता विषयक कार्यशाला मिति २०८२।०३।१२ र १३ गते दुई दिनसम्म सञ्चालन गरिएको थियो । कार्यशालाको मुख्य उद्देश्य सम्बन्धित कर्मचारीहरूलाई उक्त प्रणालीबीचको आपसी सम्बन्ध, तथ्याङ्क प्रवाह, सञ्चालन प्रक्रिया र समन्वयका मापदण्डहरूबारे प्राविधिक र व्यवहारिक जानकारी प्रदान गर्नु थियो ।

- कर्णाली प्रदेशका विषयगत मन्त्रालय, सम्बन्धित निकाय तथा विकास साझेदारहरूबीच समन्वय र सहकार्य सुदृढ पार्दै दिगो विकास लक्ष्य (SDGs) को प्रभावकारी कार्यान्वयन प्रवर्द्धन गर्न कर्णाली प्रदेश योजना आयोगले मिति २०८२।०३।१३ गते एक दिने कार्यशाला आयोजना गरेको थियो। कार्यशालाको मुख्य उद्देश्य प्रदेशस्तरीय नीति तथा कार्यक्रमहरूमा SDGs समावेशीकरण, मन्त्रालय र निकायहरूबीचको समन्वय सुदृढीकरण, योजना तथा कार्यक्रम कार्यान्वयनमा सहभागिता र दिगो विकास लक्ष्य हासिल गर्ने रणनीतिहरूको स्पष्ट मार्गदर्शन प्रदान गर्नु रहेको थियो। कार्यक्रममा सहभागीहरूले SDGs सम्बन्धी राष्ट्रिय र प्रादेशिक नीति, कार्यक्रम तथा अभ्यासहरूबारे जानकारी प्राप्त गरेका थिए, साथै अन्तरसंस्था समन्वय, योजना अनुगमन र कार्यान्वयनमा सुधारका उपायहरूमा छलफल भएको थिए। यस प्रकारको कार्यशालाले SDGs को लक्ष्य हासिल गर्ने दिशामा मन्त्रालय, निकाय र विकास साझेदारहरूबीच सहकार्य र समन्वयलाई थप मजबुत बनाएको छ।

### (घ) अध्ययन अनुसन्धान सम्बन्धी

- कर्णाली प्रदेशद्वारा निर्माण गरिएका नीतिहरूमध्ये "श्रम तथा रोजगार प्रवर्द्धन नीति, २०७५" र "स्वास्थ्य नीति, २०७६" को समिक्षा गर्न आयोगले ऋति फाउण्डेशनसँगको सहकार्यमा दुवै नीतिको व्यापक समीक्षा गरी समिक्षा प्रतिवेदन तयार पारेको थियो, जसले नीति कार्यान्वयनको वर्तमान अवस्था, उपलब्धि, चुनौती तथा सुधारका आवश्यक पक्षहरू स्पष्ट पारेको छ।

### (ङ) बहुक्षेत्रीय पोषण कार्यक्रम

- कर्णाली प्रदेश योजना आयोगका माननीय उपाध्यक्ष सूर्यनाथ योगीज्यूको अध्यक्षतामा प्रदेशस्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको दुई पटक बैठक सम्पन्न भएको छ। बैठकहरूको मुख्य उद्देश्य प्रदेशमा पोषण र खाद्य सुरक्षा कार्यक्रमहरूको समन्वय, नीति तथा कार्यक्रमको कार्यान्वयन अवस्था समीक्षा गर्नु, चुनौतीहरू पहिचान गर्नु र आगामी रणनीति तय गर्नु रहेको थियो । बैठकहरूमा सम्बन्धित विषयगत मन्त्रालयका प्रतिनिधिहरू, स्थानीय तहका पदाधिकारीहरू, विकास साझेदारहरू र सरोकारवालाहरू सहभागी भएका
  थिए। यस क्रममा प्रदेशका पोषण र खाद्य सुरक्षा सम्बन्धी कार्यक्रमहरूको प्रगति विश्लेषण, उपलब्धि र सुधारका सुझावहरू प्रस्तुत गरिएका थिए, जसले आगामी वर्षमा कार्यान्वयन हुने कार्यक्रमहरूको प्रभावकारिता र गुणस्तर सुधार्न महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

- बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत कर्णाली प्रदेश योजना आयोगले मिति २०८२।०३।०८ देखि २०८२।०३।२३ गतेसम्म चारवटा जिल्लाका आठवटा वडामा वडास्तरीय अभिमुखीकरण कार्यक्रम सञ्चालन गरेको छ। कार्यक्रममा समावेश जिल्लाहरूमा सुर्खेत जिल्लाको बराहताल गाउँपालिका वडा नं ६ र गुर्भाकोट नगरपालिकाको वडा नं ७, सिम्ता गाउँपालिका वडा नं ६, दैलेख जिल्लाको गुराँस गाउँपालिका वडा नं ४ र दुल्लु नगरपालिका वडा नं ४, कालिकोट जिल्लाको रास्कोट नगरपालिका वडा नं ६ तथा सल्यान जिल्लाको छत्रेश्वरी गाउँपालिका वडा नं ३ र दार्मा गाउँपालिका वडा नं ३ रहेका थिए । अभिमुखीकरण कार्यक्रमको मुख्य उद्देश्य स्थानीय तहका पोषण तथा खाद्य सुरक्षा सम्बन्धी सरोकारवालाहरूलाई बहुक्षेत्रीय पोषण कार्यक्रमका नीति, कार्यविधि, गतिविधि सञ्चालन प्रक्रिया र अनुगमन सम्बन्धी स्पष्ट मार्गदर्शन प्रदान गर्नु रहेको थियो। कार्यक्रममा सहभागीहरूले पोषण कार्यक्रमको प्रभावकारी कार्यान्वयन, समुदायमा पोषण सचेतना र कार्यक्रम अनुगमनका अभ्यासहरूबारे प्रशिक्षण प्राप्त गरेका थिए। यस कार्यक्रमले प्रदेशभित्र पोषण सुधारका लागि स्थानीय तहका क्षमता विकास, कार्यक्रम समन्वय सुदृढीकरण र दीर्घकालीन सुधारमा योगदान पुर्‍याउने अपेक्षा गरिएको छ।
- बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत पोषण सम्बन्धी सचेतना फैलाउन पोषण सचेतनामूलक ब्रोसर र डायरी प्रकाशन गरिएको छ । यस प्रकाशन मार्फत पोषणका महत्व, उचित आहार, बालबालिका र गर्भवती महिलाका लागि पोषण आवश्यकताहरू तथा स्वास्थ्य सम्बन्धी जानकारीलाई सरल र बुझ्न सजिलो शैलीमा स्थानीय तह र समुदायसम्म पुर्‍याउने प्रयास गरिएको छ।

### (च) अन्य महत्वपूर्ण कार्यहरू

- कर्णाली प्रदेशको दोश्रो पञ्चवर्षीय योजना (आ.व. २०८१/०८२–२०८५/०८६) को प्रारम्भिक मस्यौदालाई थप परिष्कृत र प्रभावकारी बनाउन कर्णाली प्रदेश योजना आयोगले विभिन्न सरोकारवालाहरूसँग क्रमबद्ध रूपमा छलफल तथा अन्तरक्रिया कार्यक्रमहरू सञ्चालन गरेको छ। यस प्रक्रियामा विशेषगरी कर्णाली प्रदेशसभाका माननीय सदस्यज्यूहरू, विकास साझेदार संस्था, निजी क्षेत्रका प्रमुख तथा प्रतिनिधिहरू साथै विषयगत मन्त्रालयका सचिवज्यूहरूलाई आमन्त्रण गरी योजनाको दृष्टिकोण, लक्ष्य, रणनीति र प्राथमिकताबारे प्रस्तुतीकरण गरिएको थियो।
- आयोगमा आम नागरिकलाई सूचना प्रवाह, पारदर्शिता प्रवर्द्धन र सेवाप्रवाहलाई थप सरल, सहज तथा प्रभावकारी बनाउनका लागि डिजिटल नागरिक बडापत्र जडान गरी औपचारिक रूपमा संचालनमा ल्याइएको छ। यस डिजिटल नागरिक बडापत्र मार्फत् आयोगले प्रदान गर्ने सेवाहरू, सेवा प्राप्तिको प्रक्रिया, समयसीमा, जिम्मेवारी र नागरिकले पाउन सक्ने सुविधा सम्बन्धी विवरण स्पष्ट रूपमा प्रस्तुत गरिएको छ।
- मिति २०८१।०८।२८ गते कर्णाली प्रदेशको तेस्रो प्रदेश विकास परिषद्को बैठक वीरेन्द्रनगर, सुर्खेतमा आयोजना गरिएको थियो। उक्त बैठकमा प्रदेश सरकारका माननीय मुख्यमन्त्रीज्यू, मन्त्रीज्यूहरू, विषयगत मन्त्रालयका सचिवहरू, स्थानीय तहका प्रतिनिधिहरूको व्यापक सहभागिता रहेको थियो । बैठकमा विशेषगरी, कर्णाली प्रदेशको दोस्रो पञ्चवर्षीय योजना (आ.व. २०८१/८२–२०८५/८६) सम्बन्धी प्रारम्भिक

मस्यौदा प्रस्तुत गरी यसमाथि सहभागीहरूबाट सुझाव संकलन गरिएको थियो । विस्तृत छलफल र संशोधनका आधारमा, बैठकले सो मस्यौदालाई अनुमोदन गर्ने निर्णय गरेको छ ।

- आयोगका सूचनाहरूलाई प्रभावकारी रूपमा आम जनसमुदायसम्म पुऱ्याउने उद्देश्यले सूचना प्रविधि विभागको पहलमा निर्माण गरिएको एकीकृत वेवसाइट व्यवस्थापन प्रणालीमार्फत आयोगको आधिकारिक वेवसाइटलाई सुधार र अध्यावधिक गरी संचालनमा ल्याइएको छ । यस प्रणालीले आयोगका नीतिगत, योजनागत तथा अन्य प्रशासनिक सूचनाहरूलाई सजिलै पहुँचयोग्य बनाउन मद्दत गर्दछ । साथै, यसले नागरिकको सूचनाको हकलाई सुनिश्चित गर्दै आयोगको पारदर्शिता र उत्तरदायित्वलाई प्रवर्द्धन गर्न महत्त्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ । वेवसाइटमा नवीनतम प्रविधिहरूको उपयोग गरी, प्रयोगकर्तामैत्री डिजाइन र सूचना खोज तथा उपयोगमा सहजता प्रदान गरिएको छ ।
- कर्णाली प्रदेशसभाका माननीय सदस्यज्यूहरू र प्रदेशका विषयगत मन्त्रालयको सचिवज्यूहरूसँग मिति २०८१।१०।२६ गते वीरेन्द्रनगरमा कर्णाली प्रदेश आयोजनाको प्रस्ताव तथा छनौट प्रक्रिया सम्बन्धी कार्यविधि, २०८१ र कर्णाली प्रदेश आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणाली सम्बन्धी मापदण्ड, २०८१ को मस्यौदामा माथि छलफल एवम् अन्तरक्रिया कार्याक्रम सञ्चालन ।
- कर्णाली प्रदेश आयोजना बैङ्क (कार्यसञ्चालन तथा व्यवस्थापन) मापदण्ड, २०८१ को दफा १० को उपदफा (१) मा व्यवस्था भएको आयोजनाको परीक्षण तथा सिफारिस उप-समिति र सोही मापदण्डको दफा ११ को उपदफा (१) मा व्यवस्था भएको निर्देशक समितिको विभिन्न मितिमा बैठक बसी कर्णाली प्रदेशको आयोजनाको प्रस्ताव तथा छनोट प्रक्रिया सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८१ को दफा ९ को उपदफा (४) को उल्लिखित समयसीमा २०८२।०२।०७ गतेभित्र आयोजनाहरूको सूची तयार गरी सम्बन्धित मन्त्रालयहरूमा पठाइएको ।
- कर्णाली प्रदेश सरकारका माननीय मुख्यमन्त्रीज्यूको अध्यक्षतामा विकासका लागि विधायक कार्यक्रम अन्तर्गत कर्णाली प्रदेशसभाका माननीय सदस्यज्यूहरूसँग दोस्रो आवधिक योजना तथा बजेट सम्बन्धी कार्यक्रम मिति २०८२।०२।१७ गते सञ्चालन गरिएको ।
- कर्णाली प्रदेश योजना आयोगमा कर्णाली प्रदेश योजना आयोगका माननीय उपाध्यक्षज्यूको अध्यक्षता मिति २०८२।०३।२० गते प्रदेश विकास समस्या समाधान उप-समितिको बैठक सञ्चालन भएको ।
- कर्णाली प्रदेशका माननीय मुख्यमन्त्रीज्यूको अध्यक्षतामा मिति २०८२।०३।२१ गते प्रदेश विकास समस्या समाधान समितिको बैठक सञ्चालन भएको ।

## ७. आयोगका विभिन्न समितिहरूको बैठक र महत्त्वपूर्ण निर्णयहरू :

### (क) कर्णाली प्रदेश योजना आयोगको पूर्ण बैठक

जम्मा बैठक संख्या : ९

मिति २०८१।०८।१९ गतेको महत्त्वपूर्ण निर्णयहरू :

- कर्णाली प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ को दफा ९ बमोजिम दोस्रो पञ्चवर्षीय योजनामाथि छलफलका लागि उक्त गठन आदेशको दफा ८ मा रहेको प्रदेश विकास परिषद्को मिति २०८१।०८।२८ गते शुक्रबारका दिन बैठक आव्हान गर्ने र परिषद्का सदस्यहरूलाई कर्णाली प्रदेश योजना आयोगबाट पत्राचार गर्ने निर्णय गरियो ।

मिति २०८१।०८।२३ गतेको महत्त्वपूर्ण निर्णयहरू :

- आज मिति २०८१ साल मङ्गशीर २३ गतेको आयोगको बैठकमा दोश्रो पञ्चवर्षिय आवधिक योजना मस्यौदामा विज्ञ समेतलाई आमन्त्रण गरी उक्त विषयमा छलफल गरियो । सो छलफलका आधारमा दोश्रो पञ्चवर्षिय योजना मस्यौदालाई कर्णाली प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ को दफा ६ बमोजिम आयोगकले तयार गरेको दोश्रो पञ्चवर्षिय आवधिक योजना (२०८१/८२-२०८५/८६) को मस्यौदामाथि छलफल गरी सो छलफलबाट प्राप्त विषयलाई समावेश गरी अर्को बैठकमा पेश गर्ने निर्णय गरियो ।
- मिति २०८१।०८।२८ गते बिहान ८:०० बजे देखि सञ्चालन हुने प्रदेश विकास परिषद्को बैठकको तयारी सम्बन्धमा जानकारी लिइयो ।
- प्रदेश योजना आयोगको अर्को बैठकमा दोश्रो पञ्चवर्षिय योजना (२०८१/८२-२०८५/८६) को अन्तिम मस्यौदा पेश गर्ने निर्णय गरियो ।

मिति २०८१।०८।२७ गतेको महत्त्वपूर्ण निर्णयहरू :

- दोस्रो पञ्चवर्षीय योजनाको अन्तिम मसौदा प्रदेश विकास परिषद्को बैठकमा छलफलका लागि पेस गर्ने निर्णय गरियो ।

मिति २०८१।०९।१८ गतेको महत्त्वपूर्ण निर्णयहरू :

- प्रदेश विकास परिषद्को मिति २०८१।०८।२८ गतेको तेस्रो बैठकले दोस्रो पञ्चवर्षीय योजना (२०८१/०८२-२०८५/०८६) को सम्बन्धमा उक्त परिषद्ले पारित गरेको निर्णय अनुरुप परिषद्का सदस्यहरूबाट प्राप्त सुझावहरूलाई सम्पादन गरिएको दोस्रो पञ्चवर्षीय योजनाको दस्तावेजलाई स्वीकृतिका लागि आर्थिक मामिला तथा योजना मन्त्रालय मार्फत कर्णाली प्रदेश सरकार (मन्त्रिपरिषद्) मा प्रस्ताव पेस गर्ने निर्णय गरियो ।
- कर्णाली प्रदेश सरकारका आयोजना व्यवस्थापन प्रक्रियालाई व्यवस्थित र प्रभावकारी तुल्याउन आयोजनाको पहिचान, विकास र छनोट, परियोजना बैक व्यवस्थापन तथा बहुवर्षीय ठेक्का तथा स्रोत सहमति सम्बन्धमा आवश्यकता अनुसार अनुसार मौजुदा कार्यविधि/मापदण्ड संशोधन परिमार्जन तथा नयाँ तर्जुमा  सम्बन्धमा आयोगबाट हालसम्म भएका कार्यहरूलाई थप तीव्रता दिदै वि.सं. २०८१म माघ पहिलो हप्ताभित्र मसौदा पेश गर्ने निर्णय गरियो ।

मिति २०८१।१०।१९ गतेको महत्त्वपूर्ण निर्णयहरू :

- कर्णाली प्रदेश बहुवर्षीय ठेक्का बन्दोबस्त सम्बन्धी निर्देशिका, २०७७ (प्रथम संशोधन सहित २०८०) दफा ४ को उपदफा (१) बमोजिमको सयमावधि पश्चात कर्णाली प्रदेश योजना आयोगमा प्राप्त भएका आयोजना प्रस्तावहरूमध्ये उक्त निर्देशिकाले तोकेको आधार र मापदण्ड पूरा भएका बहुवर्षीय ठेक्कामा लैजान उपयुक्त हुने आयोजनाहरूलाई सोही निर्देशिकाको दफा ६ को उपदफा (३) बमोजिमको समयावधिभित्र फछ्यौट गर्ने निर्णय गरियो।

मिति २०८१।११।१० गतेको महत्त्वपूर्ण निर्णयहरू :

- "आयोजनाको प्रस्ताव तथा छनोट प्रक्रिया सम्बन्धी कार्यवधि, २०८१" को मसौदा आयोगको बैठकमा छलफल भई स्वीकृतिका लागि कर्णाली प्रदेश सरकार (मन्त्रिपरिषद्) मा आर्थिक मामिला तथा योजना मन्त्रालय मार्फत प्रस्ताव पेस गर्ने निर्णय गरियो।

मिति २०८१।१२।३१ गतेको महत्त्वपूर्ण निर्णयहरू :

- आज मिति २०८१।१२।३१ गते विहान ८ बजे कर्णाली प्रदेश योजना आयोग (गठन तथा कार्यसञ्चालन) आदेश, २०७५ को दफा १७ को उपदफा (४) बमोजिम कर्णाली प्रदेश आयोजना बैंक (कार्यसञ्चालन तथा व्यवस्थापन) मापदण्ड, २०८१ स्वीकृत गर्ने निर्णय गरियो।

मिति २०८१।०२।२३ गतेको महत्त्वपूर्ण निर्णयहरू :

- आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेट प्रस्ताव गर्दा आयोजना प्रस्ताव तथा छनोट प्रक्रिया सम्बन्धी कार्यविधि, २०८१ को दफा ८ को उपदफा (१) को समिति समक्ष पेस भई कर्णाली प्रदेश आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टी भएका आयोजना मध्ये कर्णाली प्रदेश आयोजना बैङ्क (कार्य सञ्चालन तथा व्यवस्थापन) मापदण्ड, २०८१ को दफा ३ को उपदफा (१) को खण्ड-घ बमोजिम योजना महाशाखाबाट प्रणालीमा प्रविष्टी भएका तर मन्त्रालयको सचिवबाट रजु गरी डिजिटल रुपमा स्वीकृती हुन बाँकी रहेका आयोजनालाई समेत आगामी आ.व. २०८२/८३ को लागि बजेट प्रस्ताव गर्न सहमतीको लागि भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय र जलस्रोत तथा उर्जा विकास मन्त्रालयको अनुरोध भएको हुँदा उक्त विषयमा आर्थिक मामिला तथा योजना मन्त्रालय, कर्णाली प्रदेशको च.नं. १००८ मिति २०८२।०२।२३ गतेको पत्रबाट आयोजनाको प्रस्ताव तथा छनोट प्रक्रिया सम्बन्धी कार्यविधि, २०८१ (पहिलो संशोधन) को दफा १७ बमोजिम बाधा अड्काउ फुकाउको लागि सहमती प्राप्त भएकोले दुवै मन्त्रालयले कर्णाली प्रदेश आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट भएका तर मन्त्रालयको सचिवबाट रुजु गरी डिजिटल रुपमा स्वीकृती हुन बाँकी रहेका आयोजनालाई समेत एक पटकका लागि आगामी आ.व. २०८२/८३ को बजेट प्रस्ताव गर्न दिने साथै उक्त आयोजनाहरू कार्यान्वयन गर्नुपूर्व दुवै मन्त्रालयले कर्णाली प्रदेश आयोजना बैङ्क व्यवस्थापन प्रणालीका लागि आवश्यक सबै प्रक्रिया पूरा गर्नुपर्ने निर्णय गरियो।

मिति २०८१।०३।०४ गतेको महत्त्वपूर्ण निर्णयहरू :

- आयोजनाको प्रस्ताव तथा छनोट प्रक्रिया सम्बन्धी कार्यविधि, २०८१ र कर्णाली प्रदेश आयोजना बैङ्क (कार्यसञ्चालन तथा व्यवस्थापन) मापदण्ड, २०८१ बमोजिम कर्णाली प्रदेश आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणाली (KPPBMIS) मा समावेश भएका आयोजनाहरू (प्रोजेक्ट रोष्टर समेत) सम्बन्धित मन्त्रालयले आफ्नो आधिकारिक वेवसाइटमा आयोजनाहरूको सूची सार्वजनिकरण गर्न सम्बन्धित मन्त्रालयहरूलाई निर्देशन दिने निर्णय गरियो ।

**(ख) कर्णाली प्रदेश विकास परिषद्को बैठक**

बैठक संख्या : २

मिति २०८१।०८।२८ गते बसेको बैठकको निर्णयहरू :

- कर्णाली प्रदेश योजना आयोग (गठन तथा कार्यसञ्चालन) आदेश, २०७५ को दफा ८ बमोजिमको प्रदेश विकास परिषद्को तेस्रो बैठकमा प्रदेश योजना आयोगबाट प्रस्तुत गरिएको दोस्रो पञ्चवर्षीय आवधिक योजनाको अन्तिम मस्यौदामाथि छलफल भयो। उक्त छलफलमा प्रदेश विकास परिषद्का सदस्यज्यूहरूबाट उठाइएका उपयुक्त सुझावहरू कुनै सदस्यज्यूको थप सुझाव भए एक हप्ताको समयावधिभित्र प्रदेश योजना आयोगलाई उपलब्ध गराउने तथा यस अवधिमा प्राप्त महत्वपूर्ण उपयुक्त सुझावहरूलाई आयोगले सम्पादन गरी योजनाको अन्तिम दस्तावेजलाई कर्णाली प्रदेश सरकार (मन्त्रिपरिषद्) मा स्वीकृतिका लागि पेश गर्ने निर्णय गरियो।

मिति २०८१।१०।२४ गते बसेको बैठकको निर्णयहरू :

- आज मिति २०८१/१०/२४ गतेका दिन कर्णाली प्रदेश सरकारका माननीय मन्त्रीज्यूहरू तथा प्रदेश सभाका माननीय सदस्यज्यूहरू, प्रदेश सचिवज्यूहरू तथा विभिन्न विषयगत मन्त्रालयका प्रतिनिधिज्यूहरूसँग कर्णाली प्रदेश आयोजनाको प्रस्ताव तथा छनोट प्रक्रिया सम्बन्धी कार्यविधि, २०८१ र कर्णाली प्रदेश आयोजना व्यवस्थापन मापदण्ड, २०८१ सम्बन्धमा महत्वपूर्ण छलफल सम्पन्न गरियो।

**(ग) प्रदेश विकास समस्या समाधान समितिको बैठक**

बैठक संख्या : १

मिति २०८२।०३।२१ बसेको प्रदेश विकास समस्या समाधान समितिको महत्त्वपूर्ण निर्णयहरू :

(१) प्रस्ताव नं १ र २ माथि छलफल गर्दा यस कर्णाली प्रदेशका प्रदेशस्तरका विकास आयोजना तथा कार्यक्रमहरू सहज रुपमा कार्यान्वयन गर्न गरिएका प्रयासहरू र थप प्रभावकारी बनाउन देहायका विषयमा नीतिगत निर्णयका लागि राष्ट्रिय विकास समस्या समाधान समितिमा पठाउने निर्णय गरियो ।

तपसिलः

| सि.नं. | विषयक्षेत्र | विद्यमान अवस्था | मुख्य समस्या र प्रभाव | समाधानका लागि सुझावहरू |
|---|---|---|---|---|
| १ | सार्वजनिक निर्माण तथा संस्थागत पूर्वाधार संरचना निर्माणका लागि जग्गा प्राप्ति | जग्गा प्राप्तिको अधिकार प्रदेशलाई नरहेको र नेपाल सरकारबाट निर्णय गराउँदा लामो र झन्झटिलो हुने गरेको । | जग्गा प्राप्तिमा हुने ढिलाइले जग्गा उपयोग गरी निर्माण हुने आयोजनाको सूरुवात गर्नमा नै विलम्व हुने र यसले आयोजनाको लागत समेत बढाएको । | आयोजनाका लागि प्रयोग हुने जग्गाको प्रदेश सरकारबाट मुआब्जा वा क्षतिपुर्ति दिने निर्णय भइसकेको अवस्थामा आयोजना रहेको जिल्ला प्रशासन कार्यालयबाट जग्गा प्राप्तिको प्रक्रिया शुरु हुने व्यवस्थाका लागि नीतिगत निर्णय वा कानूनी सुधार गर्ने । |
| २ | वन क्षेत्रको उपयोगरुख , कटान तथा वातावरणीय प्रभाव अध्ययन प्रतिवेदन | वन क्षेत्र प्रयोग गरी प्रदेश सरकारले निर्माण गर्ने पूर्वाधार संरचना का लागि रुख कटान तथा वातावरणीय प्रभाव अध्ययन प्रतिवेदन स्वीकृत गर्ने पूर्ण अधिकार प्रदेश सरकारमा नरहेको । | वन क्षेत्रको उपयोगरुख , कटान तथा वातावरणीय प्रभाव अध्ययन प्रतिवेदन स्वीकृति प्रक्ि्रयामा नेपाल सरकारसम्म पुग्दा लामो र झन्झटिलो प्रक्रियाको कारण पूर्वाधार निर्माणमा ढिलाई र लागत बढ्ने गरेको । | वन क्षेत्र प्रयोग गरी प्रदेश सरकारले निर्माण गर्ने पूर्वाधार संरचनाका लागि रुख कटान तथा वातावरणीय प्रभाव अध्ययन प्रतिवेदन स्वीकृतिको पूर्ण अधिकार प्रदेश सरकारले उपयोग गर्ने गरी नीतिगत तथा कानूनी प्रावधान गर्नुपर्ने। सो नहुँदा सम्म यस प्रक्रियाका लागि समय सिमा निर्धारण तथा SOP निर्माण प्रणालीगत रुपमा स्वीकृत दिने व्यवस्था मिलाउने । |
| ३ | नेपाल सरकारको वन ऐन, २०७६ अनुसार वन विकास कोषमा रकम जम्मा गर्ने। | हाल प्रदेश सरकारले वन विकास कोषमा रकम जम्मा गरेपश्चात रुख कटानको काम शुरु हुने गरेको। | सञ्चित कोषबाट रकम झिकेर वन विकास कोषमा रकम जम्मा गर्नुपर्ने कानूनी व्यवस्थाले आयोजना कार्यान्वयनको शुरुवातमा ढिलाई र लागतमा बढोत्तरी भएको। | तीन तहकै सरकारबाट निर्माण गर्ने आयोजनाको हकमा वन विकास कोषमा रकम जम्मा गर्नुपर्ने व्यवस्था हटाउन उपयुक्त हुने। यो कानूनी सुधार नहुन्जेलसम्म वन विकास कोषमा रकम जम्मा गर्ने सम्बन्धमा नेपाल सरकार (म.प.) को २०८१।०८।०६ गतेको निर्णय प्रदेश सरकारबाट सञ्चालन हुने आयोजनाको हकमा समेत लागु गर्ने । |

| | | | | |
|---|---|---|---|---|
| ४ | संघीय समपुरक, विशेष र ससर्त अनुदानबाट सञ्चालन गरिने बहुवर्षीय प्रकृतिका आयोजना वा कार्यक्रमका लागि स्रोत सुनिश्चितता। | आयोजना वा कार्यक्रमको लागत अनुसारको प्रतिवद्धता बमोजिमको पुरै रकम प्रदेश सरकारलाई प्राप्त हुन नसकेको। | सिमित आय भएका प्रदेश माथि झनै व्ययभार थपिने भइ स्रोत व्यवस्थापनमा कठाई उत्पन्न हुने। स्रोतको अभावले आयोजना समयमा निर्माण सम्पन्न हुन नसकी अधुरा हुने। | आयोजना वा कार्यक्रमको लागत वा प्रतिवद्धता बमोजिमको पुरै रकम आयोजनाको सम्झौता अनुरुप ठेक्का अवधिभर समय तालिका अनुसार प्रदेश सरकारलाई प्राप्त हुने सुनिश्चितता प्रदान गर्नुपर्ने। |
| ५ | सार्वजनिक खरिद कानुनमा प्रदेश सरकारको अधिकार | प्रदेशलाई लागत अनुमान, बोलपत्र तथा मूल्याङ्कन स्वीकृत गर्नेसोझै खरिद गर्ने , अधिकारी तोक्ने जस्ता सीमित अधिकार रहेको। | ठेक्का सम्झौताको म्याद थप गर्ने लगायत समग्र ठेक्का प्रशासनको अधिकार प्रदेश सरकारलाई नहुँदा ठेक्का सम्झौता व्यवस्थापन गरी समयमै आयोजना सम्पन्न गर्न कठिनाई भएको। | नेपाल सरकारको सार्वजनिक खरिद सम्बन्धी ऐन र सिद्धान्त अन्तर्गत रही ठेक्का सम्झौताको म्याद थप सहित समग्र ठेक्का प्रशासन लगायत खरिद व्यवस्थापनको सम्पूर्ण अधिकार प्रदेश सरकारलाई हुने गरी खरिद कानूनमा संशोधन गर्ने। |
| ६ | पूर्वाधार संरचना निर्माणमा विस्फोटक पदार्थको प्रयोग | प्रदेशको भौगोलिक अवस्थिति र प्राविधि जटिलताले पूर्वाधारजन्य आयोजनामा विस्फोटक पदार्थ प्रयोग गर्नुपर्ने अवस्था रहेको। | पूर्वाधार निर्माणमा संलग्न निकायलाई विस्फोटक पदार्थ प्रयोगको अनुमती र उपलब्धतामा कठिनाइ भएको। | प्रदेशको भू- भौगर्भिक अवस्थिति अनुरुप पूर्वाधार संरचना निर्माण गर्न विस्फोटक पदार्थ प्रयोगको अनुमति र सहज उपलब्ध हुने व्यवस्थाको लागि विषशेज्ञ सहितको टोली प्रदेशमा खटाउने व्यवस्था मिलाउने। |
| ७ | प्रदेशहरूबीचको सवारी यातायात व्यवस्थापन प्रणालीमा एकरुपता र सामाञ्जस्यता | रुट परमिट, सवारी साधन कर लगायतका यातायात प्रशासनमा प्रदेशगत रुपमा विविधता रहेको तथा सवारी यातायात व्यवस्थापन प्रणाली नेपाल सरकारबाटै सञ्चालित रहेको। | नेपाल सरकारबाट सञ्चालित प्रणाली हस्तान्तरण नभएको। प्रदेश अनुसार यातायात प्रशासनमा एकरुपता नहुँदा सेवाप्रवाहमा असामाञ्जयता र जटिलता थपिएको। | नेपाल सरकारबाट सञ्चालित प्रणाली प्रदेश सरकारको क्षमता विकास योजनाबद्ध रुपमा हस्तान्तरण गर्नुपर्ने। सबै प्रदेशमा आधारभूत यातायात प्रशासनमा एकरुपता कायम गरी सेवाप्रवाहमा सामन्जस्यता र सरलता ल्याउनु पर्ने। |
| ८ | नेपालको उत्तरी सिमा नाका | उत्तरी छिमेकी चीनतर्फको व्यापारिक | कृषियोग्य व्यापारीक वस्तुको गुणस्तर परीक्षण | उत्तरी छिमेकी चीनतर्फको कृषियोग्य व्यापारीक वस्तुको |

| | | | | |
|---|---|---|---|---|
| | हुम्लाको हिल्सामा क्वारेन्टाइन स्थापना | नाका हिल्साबाट कृषियोग्य वस्तु आयात निर्यातमा जटिलता | गरी सहज निर्यातका लागि असुविधा भएको । | गुणस्तर परीक्षण गरी सहज निर्यातका लागि हुम्लाको हिल्सा नाकामा क्वारेन्टाइन कार्यालय स्थापना गर्ने । |
| ९ | प्रदेशमा प्राङ्गारिक मल कारखाना निर्माणमा सहयोग । | कर्णाली प्रदेश अर्गानिक प्रदेशको रुपमा भएकाले अन्य प्रदेशको तुलनामा यस प्रदेशले रासायनिक मलको कोटा निकै कम पाउँदा प्रदेशमा पर्याप्त मलखादको उपलब्धता हुन नसकेको । | कृषिको उत्पादनशिलता बढाउँदै अर्गानिक प्रदेश र अर्गानिक खेतीको हव बनाउने अभियानले सार्थकता पाउन नसकेको।यस पेशामा युवा कृषकलाई आकर्षण गर्न नसकिएको । | रासायनिक मलमा अन्य प्रदेशले पाए सरहको कोटा पाउने व्यवस्था गर्ने। प्रदेशलाइ अर्गानिक खेतीको हव वनाउने प्रदेश सरकारको नीतिलाई साकार पार्न प्रदेशमा प्राङ्गारिक मल कारखाना स्थापनाका लागि नेपाल सरकारबाट आर्थिक तथा प्राविधिक सहयोगको व्यवस्था गर्ने । |
| १० | नेपाल सरकारका प्रादेशिकस्तरका कार्यालय सम्बन्धित प्रदेशमा रहने । | नेपाल सरकारका प्रादेशिक स्तरका कार्यालय तथा निकाय का प्रादेशिकस्तरका केही कार्यालय प्रदेशभन्दा बाहिर रहेका । | प्रदेश बाहिर रहेका कार्यालयसँग समन्वय गर्न कठिनाइ भएको र उक्त कार्यालयहरूबाट प्रदत्त सेवा प्रभावकारी हुन नसकेको । | नेपाल सरकारका प्रादेशिक स्तरका कार्यालय तथा निकाय कर्णाली प्रदेशभित्र उपयुक्त स्थानमा स्थानान्तरण हुनुपर्ने। उदाहरणका रुपमा हेभी इक्युपमेन्ट कार्यालय, प्रहरी तालिम केन्द्र, जल तथा मौसम कार्यालयहरू अविलम्ब कर्णाली प्रदेशमा स्थानान्तरण गर्ने । |
| ११ | कर्णाली प्रदेशमा पर्ने राष्ट्रिय गौरवका आयोजनाहरूको व्यवस्थापन | यस प्रदेशमा राष्ट्रिय गौरवका आयोजनाहरू मध्ये उत्तर दक्षिण करिडोर अन्तर्गतको कर्णाली करिडोरमदन , मध्य ,भण्डारी राजमार्ग पहाडी राजमार्ग र भेरी बबई डाइभर्सन निर्माणकाक्रममा रहेका । | प्रदेशको समग्र विकासमा महत्वपूर्ण योगदान दिन सक्ने यस्ता आयोजनाको कार्यप्रगति अपेक्षिकृत नभएको र प्रदेश सरकारसँग प्रभावकारी समन्वय हुन नसकेको । | प्रदेशमा रहेका यस्ता आयोजना कार्यान्वनमा तीब्रता प्रदान गर्नुका साथै कार्यसम्पादनको क्रममा प्रदेश सरकारसँग समन्वय गर्ने। मध्यपहाडी राजमार्गको जाजरकोट-रुकुम पश्चिम सडक खण्ड अन्तर्गत भेरी नदी माथिको मोटरेबल पुल अविलम्व निर्माण हुनुपर्ने। भेरी करिडोरलाई राष्ट्रिय गौरवको आयोजनामा समावेश गर्ने । |

| | | | | |
|---|---|---|---|---|
| १२ | प्रदेशका महत्त्वपूर्ण पूर्वाधार निर्माण | १३२ केभी प्रसारण लाईन, रारा पहुँच मार्ग, कोहलपुर-सुर्खेत सडक विस्तार,भेरी करिडोर , दाङ-सल्यान-रुकुम ,(राप्ती राजमार्ग) सुर्खेत विमानस्थलको विस्तार, प्रदेशका हिमाली जिल्लामा नियमित हवाई सेवा सञ्चालन कार्यान्वयनका क्रममा रहेका। | कर्णाली प्रदेश लाईफलाइनका रुपमा रहेका यस्ता महत्वपूर्ण आयोजनाहरूको प्रगति सुस्त हुँदा नागरिकहरू लाभ पाउनबाट बञ्चित रहेको। | प्रदेशका यस्ता महत्वपूर्ण आयोजनाका लागि पर्याप्त बजेट विनियोजन गरी प्रभावकारी तवरले तीव्र कार्यान्वयनको व्यवस्था गर्ने।अन्तरतह तथा निकाय समन्वयलाई सुदृढ गरी निर्धारित समयमै यस्ता आयोजनाहरू सम्पन्न गर्ने प्रवन्ध मिलाउने। |
| १३ | संघ, प्रदेश र स्थानीय तहबीचको बजेट र आयोजना प्रणालीबीच अन्तरआवद्धता कायम | तीनै तहका सरकारका आ-आफ्नै बजेट र योजना प्रणाली रहेका यस्ता प्रणाली बीचमा अन्तरआवद्धता नभएको। | तहगत सरकारका बजेट र आयोजना प्रणाली बीच अन्तरआवद्धता नभएको हुँदा आयोजना दोहोरोपना हुने र बजेट विनियोजनमा कुशलता कायम नहुने अवस्था आउन सक्ने। | आयोजना तथा कार्यक्रममा हुने दोहोरोपना हटाउन र स्रोत विनियोजनमा कुशलता कायम गर्न तीनवटै तहमा आयोजना बैंक लागु गरी प्रणालीगत अन्तरआवद्धता कायम गर्ने र NPC को अगुवाइमा उक्त प्रणालीमा मध्यमकालीन खर्च संरचना तथा मन्त्रालयगत बजेट सूचना प्रणाली बीच अन्तरआवद्वता कायम गर्नुपर्ने। |
| १४ | तहगत सरकारहरू बीचमा बार्षिक खाताबन्दीको समय | नेपाल सरकारका निकायको खाताबन्दी असार मसान्तसम्म र प्रदेश र स्थानीय तहको भने आर्थिक वर्ष समाप्त हुनु भन्दा ७ दिन आगावै खातावन्दी हुने। | भरपर्दो इन्टरनेट सेवाको कमी, भौगोलिक विकटता र मौसमजन्य जोखिम जस्ता कारणले प्रदेश र पालिकाहरूले गरेको कामको पनि भुक्तानी दिन नसक्ने। | नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको वार्षिक खाताबन्दीको समय असार मसान्तसम्म नै रहने गरी एकरुपता ल्याउने। तीनै तहको बजेट निकासा र खर्च भुक्तानी व्यवस्था पूर्णतया सूचना प्रविधियुक्त र प्रणालीबद्ध भएकाले छुट्टै हिसाव मिलानको समय आवश्यक नपर्ने। |
| १५ | ढुङ्गा ,गिट्टी , दहत्तर ,वालुवा वहत्तर जस्ता प्राकृतिक स्रोतको | अन्तरसरकारी वित्त व्यवस्थापन ऐन , २०७४ मा बाँडफाँट अनुकुलको व्यवस्था | यी दुइ कानूबीचको असमान्जस्यताले स्थानीयले सङ्कलित राजस्व रकम पाउने | प्राकृतिक स्रोत विक्री वितरणबाट प्राप्त हुने आयको बाँडफाँटका सम्बन्धमा अन्तरसरकारी वित्त |

| | | | | |
|---|---|---|---|---|
| | विक्रीबाट प्राप्त आयको बाँडफाँट | स्थानीय सरकार सञ्चालन ऐन ,२०७४ मा नभएको । | संवैधानिक हकबाट प्रदेश सरकार विमूख हुनु परेको । | व्यवस्थापन ऐन, २०७४ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा रहेको व्यवस्थाबीच सामञ्जस्यता कायम गरी स्थानीय तहले संकलन गरेको राजस्व स्वचालित रुपमा बाँडफाँट गर्ने प्रणालीको विकास गर्नुपर्ने । |
| १६ | गै.स.स. तथा विकास साझेदारको प्रदेश सरकारको विकास प्रक्रियामा सहयोग | प्रदेशमा उल्लेख्य संख्यामा गै.स.स र विकास साझेदारहरू क्रियाशील रहेका । | प्रदेश सरकारका निकायको समन्वय र नीतिगत मार्गदर्शन बिना आफ्नै तरिकाले कार्यक्रम सञ्चालन हुँदा दोहोरोपन भएको र उपलब्धी समेत नदेखिएको । | प्रदेशभित्र क्रियाशिल सबै विकास साझेदार र गै.स.स.हरूले प्रदेश सरकारका सम्बन्धित निकायसँगको समन्वय र नीतिगत मार्गदर्शनको अधीनमा रही प्रदेश सरकारको नीति तथा आवधिक योजनालाई सहयोग पुग्ने गरी मात्र सञ्चालन अनुमति दिने र त्यसको कडाइका साथ नियमन गर्ने । यस्ता संस्थाले सञ्चालित कार्यक्रमको सूची, खर्चको विवरण र प्राप्त उपलब्धी प्रदेश सरकारमा पठाउने र सार्वजनिक गर्नुपर्ने व्यवस्था गर्ने । |

(२) प्रस्ताव नं ३ माथि छलफल गर्दा यस कर्णाली प्रदेशमा सञ्चालित राष्ट्रिय गौरवका आयोजनाहरू क्रमश: उत्तर दक्षिण करिडोर अन्तर्गतको कर्णाली करिडोर, मदन भण्डारी लोकमार्ग, मध्य पहाडी राजमार्ग र भेरी बबई डाइभर्सन समेतले यस प्रदेशको समग्र विकासमा महत्वपूर्ण योगदान दिन सक्ने भए पनि यस्ता आयोजनाको कार्यप्रगति अपेक्षिकृत नभएको र प्रदेश सरकारसँग प्रभावकारी समन्वय हुन नसकेकोले प्रदेशमा रहेका यस्ता आयोजना कार्यान्विनमा तीव्रता प्रदान गर्नुका साथै कार्यसम्पादनको क्रममा प्रदेश सरकारसँग समन्वय गर्ने।मध्यपहाडी राजमार्गको जाजरकोट-रुकुम पश्चिम सडक खण्ड अन्तर्गत भेरी नदी माथिको मोटरेबल पुल अविलम्व निर्माण गर्न र भेरी करिडोरलाई राष्ट्रिय गौरवको आयोजनामा समावेश गर्न सम्वन्धित निकायलाइ अनुरोध गर्ने निर्णय गरियो ।

(३) प्रस्ताव नं ४ माथि छलफल गर्दा देहाय बमोजिमका विषयमा अन्तर तहगत समन्वय गर्नुपर्ने भएकाले सोही बमोजिम कार्य गर्ने गराउने निर्णय गरियो ।

**तपशिल**

- ✓ संविधानको साझा अधिकार सूचीका विषयमा निर्माण हुन बाँकी रहेका कानुनहरू निर्माण गर्नुपर्ने र यस्ता कानुन निर्माण गर्दा प्रदेश सरकारको राय, परामर्श र सहभागिता लिदा कानुन प्रतिको अपनत्व र स्वामित्व बढ्ने हुनाले सोको उचित प्रवन्ध गर्नुपर्ने साझा अधिकार सुचीका सम्वद्ध कानून यथाशीघ्र बनाउन जोड दिने।
- ✓ संविधान र कानुनले अन्तरतह सम्बन्ध विकास र समन्यका लागि स्थापित गरेका विभिन्न संयन्त्रहरूको क्रियाशीलाता बढाइ यस्ता संयन्त्रबाट भएको निर्णय कार्यान्वयनको व्यवस्था मिलाउने।
- ✓ प्रदेश सरकार र स्थानीय तह समेतको समन्वयमा यस प्रदेशमा रहेका जगदुल्ला, फुकोट, माथिल्लो कर्णाली जलविद्युत आयोजना तथा पेट्रोलियम उत्खनन् जस्ता महत्वपूर्ण परियोजना कार्यान्वयनमा तीव्रता ल्याउने।

**(घ) प्रदेश स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठक**

जम्मा बैठक संख्या : ३

**<u>मिति २०८१।१०।१४ गते बसेको बैठकका निर्णयहरू:</u>**

१. बहुक्षेत्रीय पोषण कार्यक्रमका लागि संलग्न पाना १ बमोजिमको बजेट बाँडफाँट लागि प्रदेश स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिमा पेश गर्ने निर्णय गरियो।

- प्रदेश स्तरीय पोषण तथा खाद्य सुरक्षा समितिको बैठक :- रु. १,६०,०००/-
- प्रदेश स्तरीय पोषण तथा खाद्य सुरक्षा समितिको सचिवालयको बैठक :- रु. ८०,०००/-
- स्थानीय तह र वडाका जनप्रतिनिधिलाई अभिमुखीकरण कार्यक्रम :- रु. ८०,०००/-
- प्रदेशस्तरीय संयुक्त अनुगमन (जिल्ला र स्थानीय तह) :- रु. ४,००,०००/-
- बहुक्षेत्रीय पोषण योजना तेस्रो कार्यान्वयन सम्बन्धी परामर्श बैठक :- रु. १,८९,५००/-
- बहुक्षेत्रीय पोषण तथा खाद्य सुरक्षा सम्बन्धी सूचना तथा सन्देशमूलक सामग्री तयारी तथा प्रकाशन:- रु. १,८५,५००/-

**<u>मिति २०८१।१०।१५ गते बसेको बैठकका निर्णयहरू:</u>**

१. मिति २०८१।१०।१५ को प्रदेश स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको सचिवालयको बैठकको अनुमोदन भई कर्णाली प्रदेशभित्र बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयनका लागि संलग्न पाना १ बमोजिमको बजेट बाँडफाँटलाई अनुमोदन गर्ने निर्णय गरियो।

२. बहुक्षेत्रीय पोषण योजना तेस्रो कार्यन्वयन सम्बन्धी परामर्श बैठक पनि मिति २०८२।११।७ गते सञ्चालन गर्ने निर्णय गरियो।

**मिति २०८२।०२।२९ गते बसेको बैठकका निर्णयहरू:**

**निर्णय नं. १**

मिति २०८१।१०।१५ गतेको प्रदेशस्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठकबाट अनुमोदित कर्णाली प्रदेश योजना आयोगको बहुक्षेत्रीय पोषण कार्यक्रमको लागि विनियोजित बजेटको ब्लककोड गरिएको क्रियाकलापहरू मध्ये स्थानीय तह र वडाका जनप्रतिनिधिहरूलाई अभिमुखीकरण कार्यक्रमको लागि प्रदेशभित्रका २ वटा गाउँपालिका अभिमुखीकरण कार्यक्रम सञ्चालनका लागि तपसिलको बैशाखको आधारमा स्थानीय तह छनोट गर्ने र स्थानीय तहसंग समन्वय गरी वडाबाट छनोट गरी यथाशीघ्र कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो।

**आधारहरू:**

- प्रदेशको भौगोलिक रूपमा सन्तुलन कायम हुन।
- पोषण मैत्री नमुना टोल तथा वडा घोषणा अभियान सञ्चालन गरिरहेको।
- बहुक्षेत्रीय पोषण योजना कार्यन्वयन र पोषणमैत्री स्थानीय तह घोषणाको लागि इच्छुक रहेको।

**तपसिल**

| सि.नं. | जिल्ला (District) | स्थानीय तह (Local Level) | कैफियत (Remarks) |
|---|---|---|---|
| १ | सुर्खेत | गुर्भाकोट नगरपालिका | |
| २ | सुर्खेत | सिम्ता गाउँपालिका | |
| ३ | सुर्खेत | बराहताल गाउँपालिका | |
| ४ | सल्यान | दारमा गाउँपालिका | |
| ५ | सल्यान | छत्रेस्वरी गाउँपालिका | |
| ६ | दैलेख | गुराँस गाउँपालिका | |
| ७ | दैलेख | दुल्लु नगरपालिका | |
| ८ | कालीकोट | रास्कोट नगरपालिका | |

माथि छनोट भएका स्थानीय तहहरूलाई १/१ वटा वडा छनोट गर्न पत्राचार गर्ने निर्णय गरियो।

**निर्णय नं. २**

बहुक्षेत्रीय पोषण योजना तेस्रो कार्यन्वयन सम्बन्धी परामर्श बैठक पनि मिति २०८२। असार तेस्रो हप्तासम्म सञ्चालन गर्ने निर्णय गरियो।

**निर्णय नं. ३**

बहुक्षेत्रीय पोषण तथा खाद्य सुरक्षा सम्बन्धी सूचना तथा सन्देशमूलक सामग्री तयारी तथा प्रकाशनका लागि आवश्यक पर्ने विषयवस्तुहरूको सम्बन्धमा प्रदेशस्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको सचिवालयले पोषण दिग्सि समन्वय गरी प्रकाशन गर्ने।

## ८. कार्य सम्पादनबाट भएका उपलब्धी

### (क) वजेट विनियोजन र खर्च प्रतिशत

| बजेट उप-शीर्षक | विनियोजन रु . हजारमा | | जम्मा रु हजारमा | खर्च रु. हजारमा | | जम्मा रु हजारमा | खर्च प्रतिशत | | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पूंजिगत | | चालु | पूंजिगत | | चालु | पूंजिगत | |
| ३९१०००११ | ३९४२५ | १००० | ४०४२५ | २५५७९ | ८३७ | २६४१६ | ६४.८८ | ८३.७० | ७४.२९ |
| ३९१००९०१ | १५७५ | - | १५७५ | ७८१ | - | ७८१ | ४९.५८ | - | ४९.५८ |
| जम्मा | ४१००० | १००० | ४२००० | २६३६० | ८३७ | २७१९७ | ५७.२३ | ८३.७० | ६४.७५ |

### (ख) कार्यक्रमगतच खर्च तथा प्रगति

| क्र.स. | कार्यक्रमको नाम | विनियोजित बजेट | खर्च रकम | वित्तीय प्रगति | भौतिक प्रगति | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | आयोजना बैंक संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधीमापदण्ड तथा मार्गदर्शन / निर्माण | ३००००० | २४१९५० | ८०.६५% | १००% | |
| २ | स्तनपान कक्ष निर्माणका लागि आवश्यक सामाग्री खरिद | १००००० | ७४७६६ | ७४.७६% | १००% | |
| ३ | आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली सम्बन्धी अभिमुखीकरण कार्यक्रम | ५००००० | ४३५९२७ | ८७.१८% | १००% | |
| ४ | मध्यमकालीन खर्च संरचना व्यवस्थापन सूचना प्रणाली (MTEF MIS) निर्माण गर्ने | ५००००० | ४५२००० | ९०.४% | १००% | |
| ५ | आवधिक योजना, आयोजना बैंक, मध्यमकालीन खर्च संरचना र बजेट सूचना प्रणाली विच अन्तर आवद्धता सम्बन्धी कार्यशाला तथा तालिम कार्यक्रम | ५००००० | २९९११३ | ५९.८२% | १००% | |
| ६ | अन्तरप्रदेश सिकाई आदान प्रदान तथा अवलोकनभ्रमण | ३६४००० | २६२५२० | ७२.१२% | ७५% | |
| ७ | विकासका लागि विधायक कार्यक्रम अन्तर्गत प्रदेश सभा सदस्यका लागि योजना तथा बजेट सम्बन्धी अन्तरक्रिया गोष्ठी | ५००००० | ३५४५०० | ७०.९०% | १००% | |
| ८ | आयोजना विकास , छनौट तथा | ५००००० | २८२६८० | ५६.५३% | १००% | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | प्राथमिकिकरण सम्वन्धी एकिकृत मापदण्ड निर्माण | | | | | |
| ९ | प्रादेशिक नीतिहरूको अध्ययन, अनुसन्धान तथा परिक्षण गर्ने | १०००००० | ४८४२०५ | ४८.४२% | १००% | |
| १० | SDG ACCELERATION VISIONING WORKSHOP | २००००० | ९५५७० | ४७.७९% | १००% | |
| ११ | कर्णाली प्रदेश विकास परिषद्को बैठ्क सञ्चालन तथा व्यवस्थापन | ७५०००० | ३९०९८ | ५.२१% | १००% | |
| १२ | बहुक्षेत्रीय पोषण योजना तेस्रो | १५७५००० | ७८१००० | ४९.५८% | १००% | |

**(ग) थप उपलब्धी**

माथि (क) र (ख) मा उल्लेख गरिएका अतिरिक्त आयोगबाट तल उल्लेखित क्रियाकलापहरू सञ्चालन गरिएका थिए।

- "सुशासन, सामाजिक न्याय र समृद्ध कर्णाली" दीर्घकालीन सोचलाई अंगिकार गर्दै कर्णाली प्रदेशको दोस्रो पञ्चवर्षीय योजना (आ.व. २०८१/०८२–२०८५/०८६) तयार, अनुमोदन र मन्त्रिपरिषद्बाट स्वीकृत गरी पुस्तक प्रकाशन तथा विमोचन।
- आयोजनाको प्रस्ताव तथा छनोट प्रक्रिया सम्बन्धी कार्यविधि, २०८१ निर्माण गरी मन्त्रिपरिषद्बाट स्वीकृत र राजपत्रमा प्रकाशित, जसले आयोजना छनोटलाई पारदर्शी, तथ्यपरक र परिणाममुखी बनाएको।
- कर्णाली प्रदेश आयोजना बैंक (कार्यसञ्चालन तथा व्यवस्थापन) मापदण्ड, २०८१ स्वीकृत सोही आधारमा KPPBMIS निर्माण गरी हालसम्म ५० लाखभन्दा माथिका ७,८१५ र ५० लाखभन्दा साना १५,४३८ आयोजना प्रविष्ट।
- MTEF-MIS निर्माण र सञ्चालन, जसमा मन्त्रालयहरूले आफ्ना कार्यक्रम/बजेट विवरण प्रत्यक्ष प्रविष्ट गर्न पाउने व्यवस्था भएको र संकलित विवरणका आधारमा सबै मन्त्रालयहरूको एकीकृत मध्यमकालीन खर्च संरचना (२०८३/०८४-२०८४/०८५) पुस्तक प्रकाशन।
- आयोगका पदाधिकारी र कर्मचारीद्वारा विभिन्न जिल्लामा अनुगमन कार्यक्रम सञ्चालन, योजनाको कार्यान्वयन अवस्था र सुधारका सुझाव संकलन।
- अन्तर-प्रदेश सिकाइ तथा अनुभव आदानप्रदान कार्यक्रमबाट विभिन्न प्रदेशको योजना तथा नीति निर्माण, कार्यान्वयन, अनुगमन र समन्वय सम्बन्धी र उत्कृष्ट अभ्यासहरू बारेमा जानकारी।
- बहुवर्षीय आयोजना अनुगमन, रकमानान्तर सम्बन्धी कार्य, प्रदेश विकास समस्या समाधान समिति र प्रदेश विकास परिषद्को बैठक सञ्चालन जस्ता गतिविधिहरूले प्रदेशमा आयोजना अनुगमन, समस्या समाधान र नीति निर्माण प्रक्रियालाई अझ सुदृढ बनाएको छ।
- प्रदेशस्तरमा पोषण अभिवृद्धिका लागि बहुक्षेत्रीय पोषण रणनीति कार्यान्वयन, वडा–स्तरीय पोषण तथा खाद्य सुरक्षा समितिको सक्रियता र पोषणमैत्री स्थानीय शासन प्रवर्द्धनका कार्यहरू अघि बढाइएका छन्, जसले सुनौलो १००० दिन अभियानलाई मजबुत बनाएको छ।

## ९. बजेट तथा कार्यक्रम कार्यान्वयनका क्रममा देखिएका समस्या/चुनौतीहरू :

- योजना तर्जुमा सम्बन्धी निर्देशिका र मापदण्डमा भएका कुनै व्यवस्थाहरू बाझिएका,
- माग, आवश्यकता, औचित्यता, संभाव्यता भन्दा पहुँच, दवाव, प्रभाव, लोकप्रियताको चाहनाका आधारमा कार्यक्रम वा आयोजना पहिचान हुने गरेका,
- प्रदेश र स्थानीय तहको योजना तर्जुमा प्रकृयावीच सहसम्बन्ध र एकीकरण नभएको,
- संभाव्यता तथा औचित्यता अध्ययन नभइकन नै आयोजना पहिचान गरिनु,
- अध्ययनबाट आवश्यक, संभाव्य र औचित्यपूर्ण देखिएका आयोजनालाई प्राथमिकता नदिइनु,
- सञ्चालित आयोजनाहरू प्रदेशको दोस्रो पञ्चवर्षिय योजनाका प्राथिमकतामा आधारित नहुनु,
- बजेट कार्यान्यिवन नहुँदै ठूलो संख्या र मात्रामा आयोजना संशोधन र रकमान्तर गरिनु,
- कार्यक्रम/आयोजना कार्यान्वयन गर्ने प्राविधिक जनशक्तिको कमी हुनु,
- भौगोलिक कठिनाइ तथा दुर्गम जिल्लामा कार्यक्रम सञ्चालन गर्दा मानव संसाधन, समय र लागत व्यवस्थापनमा चुनौती,
- नयाँ कार्यविधि र प्रणाली (KPPBMIS, MTEF–MIS) को कार्यान्वयनमा मन्त्रालय/निकायका कर्मचारीहरूको प्राविधिक दक्षता अभाव र प्रारम्भिक स्तरमा अनुकूलनमा समस्या देखिएको,
- पोषण अभिमुखीकरण कार्यक्रममा वडास्तरमा स्रोत साधन र बजेट सीमितताका कारण व्यापक पहुँच बनाउन कठिनाइ भएको छ,
- आयोजना प्रस्ताव, छनोट र अनुगमन प्रक्रियामा स्थानीय तहसँगको समन्वय अझै सुदृढ गर्नुपर्ने आवश्यकता देखिएको ।

## १०. आयोगको सिकाईहरू

- योजनावद्ध विकास प्रयासले मात्र "सुशासन, सामाजिक न्याय र समृद्ध कर्णाली" दीर्घकालीन सोचलाई साकार गर्न सक्छ,
- स्रोत साधनको उपयुक्त व्यवस्थापन तथा परिचालन गर्न सकिएन भने योजना अनुसारको प्रगति हाँसिल गर्न सकिंदैन,
- आयोगलाई बहुक्षेत्रीय पोषण कार्यक्रमका लागि पर्याप्त बजेट व्यवस्था भएमा, सो कार्यक्रमको सफल कार्यान्वयनमा सहयोग पुग्ने मात्र नभई यसमा प्रदेशको सक्रिय योगदान समेत देखिनेछ,
- तहगत र समानान्तर संस्थागत समन्वय विना छोटो समयावधीमा विकासका लक्षहरू हाँसिल गर्न सकिंदैन,
- विकासको केन्द्र विन्दुमा जनतालाई राखी, जनताको आवश्यकता सम्वोधन गर्ने गरी विकास गरिएमा विकास कार्यक्रम/आयोजनाप्रति जनताको अपनत्व, ममत्व र स्वामित्व हुन्छ,
- आयोजनाको प्रस्ताव तथा छनोट प्रक्रिया सम्बन्धी कार्यविधि र आयोजना बैक (कार्यसञ्चालन तथा व्यवस्थापन) मापदण्डको पूर्ण रूपमा कार्यान्वयन भएमा मात्र आयोजना छनोट प्रक्रिया पारदर्शी, वस्तुनिष्ठ र परिणाममुखी बन्नेछ,

- आयोजना प्रस्ताव तथा छनोट प्रक्रिया र आयोजना बैंक (कार्यसञ्चालन तथा व्यवस्थापन) मापदण्डसम्बन्धी विषयमा जिल्लास्तरमा वृहत रूपमा अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गर्नु आवश्यक छ, जसका माध्यमबाट स्थानीय तह, जिल्ला तहका सरोकारवाला निकाय तथा सम्बन्धित व्यक्तिहरू यसका प्रावधान, प्रक्रिया र कार्यान्वयन विधिबारे स्पष्ट भई प्रभावकारी रूपमा कार्यान्वयनमा संलग्न हुन सक्नेछन्,
- विकास प्रयासलाई सँधै योजनाको मार्गमा लैजान नतिजामूलक तथा प्रभावकारी अनुगमन तथा मूल्याङ्कनको आवश्यकता हुन्छ ।

## ११. आगामी आ.व. मा सुधार कदमहरू

- स्थानीय तहको योजना तर्जुमा प्रकृयालाई प्रदेशको योजना तर्जुमा प्रकृयासँग जोड्न आवश्यक छ,
- पहुँच, दवाव, प्रभाव, लोकप्रियताको चाहनाका आधारमा नभइकन माग, आवश्यकता, औचित्यता र संभाव्यताका आधारमा विकास कार्यक्रम तथा आयोजना पहिचान एवं छनोट गरिनु पर्छ,
- आयोजना छनौट गर्दा सम्पन्न हुन बाँकी क्रमागत आयोजनाहरूलाई उच्च प्राथमिकता दिनुपर्छ,
- सडक पहुँच नपुगेका पालिका केन्द्रसम्म पहुँच पुर्‍याउने सडक आयोजनालाई प्राथमिकता दिनु पर्दछ,
- कृषि सिँचाइका लागि लिफ्ट, टार सिँचाई तथा एक वडा-एक पोखरी जस्ता कार्यक्रम लागू गर्नु पर्दछ,
- नमूना विद्यालयको शिक्षण सिकाई एवम् भौतिक पूर्वाधार निर्माणमा जोड दिनु पर्दछ,
- विकास कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्वन गर्नु पर्दछ । अनुगमन तथा मूल्याङ्कनमा हुने दोहोरोपना हटाउन एकीकृत अनुगमन तथा मूल्याङ्कनमा जोड दिनुपर्दछ,
- विकास कार्यक्रम तथा आयोजना सञ्चालनमा देखिएका समस्या समाधानका लागि प्रदेश विकास समस्या समाधान समितिले निर्देश गरेका समाधानका उपायहरूको प्रभावकारी कार्यान्वयन गर्नु पर्दछ,
- साना परियोजनाहरूमा अपर्याप्त बजेट राखी कार्यान्वयन गर्नु भन्दा स्थानीय तहसँग छलफल र सहकार्यमा परियोजना प्राथमिकीकरण गरी संयुक्त रुपमा स्रोतको विनियोजन र परिचालन गर्दा प्रभावकारी हुन्छ,
- प्रदेशमा भएका मन्त्रालय तथा निर्देशनालयहरूले जिल्ला स्थित कार्यालयका प्रमुखहरूसँग कार्यान्वयनमा भएका समस्या र समाधानका सम्बन्धमा समय समयमा छलफल गर्नु पर्दछ,
- आयोजना बैंक तथा MIS प्रणालीमा विवरण अद्यावधिक कार्यलाई नियमित, पूर्ण र समयमै सम्पन्न गर्ने,
- मध्यमकालीन खर्च संरचना (MTEF) तथा वार्षिक बजेट बीचको समन्वयलाई अझ मजबुत बनाउने,
- बहुवर्षीय आयोजनाहरूको कार्यान्वयनमा देखिएका ढिलाइ र समन्वयगत कमजोरी समाधान गर्ने,
- नीतिगत तथा रणनीतिक कागजातहरूको समयमै पुनरावलोकन र अद्यावधिक गर्ने,
- व्यवस्थापन प्रणाली (MIS) हरूलाई एक आपसमा एकीकृत गरी डेटा–आधारित निर्णय प्रक्रियालाई सशक्त बनाउने,
- कर्मचारीहरूलाई प्रविधिमैत्री बनाउनका लागि आवश्यक प्रशिक्षण गर्नुपर्ने,
- कर्णाली प्रदेश योजना आयोगलाई नीतिगत अनुसन्धान गरी सुझाव दिने थिङ्क ट्याङ्कको रुपमा विकास गर्न आयोगलाई अधिकार र स्रोत साधनले सम्पन्न गर्नु पर्दछ ।

## अनुसूची-१

## कर्णाली प्रदेश योजना आयोगको स्वरुप

**कर्णाली प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ को दफा ३ को उपदफा (२) बमोजिम आयोगको स्वरुप**

| | |
|---|---|
| (क) मुख्यमन्त्री | - अध्यक्ष |
| (ख) प्रदेश सरकारबाट नियुक्त एक जना विज्ञ | - उपाध्यक्ष |
| (ग) प्रदेश सरकारबाट नियुक्त बढीमा दुई जना विज्ञ | - सदस्य |
| (घ) प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | - सदस्य |
| (ङ) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | - सदस्य सचिव |

## अनुसूची-२

### कर्णाली प्रदेश योजना आयोगका वर्तमान पदाधिकारीहरूको विवरण


| सि.नं. | पद | पदाधिकारीहरूको नाम, थर |
|---|---|---|
| १ | अध्यक्ष | माननीय यामलाल कडेल |
| २ | उपाध्यक्ष | माननीय सूर्यनाथ योगी |
| ३ | सदस्य | माननीय अशोकनाथ योगी |
| ४ | सदस्य | माननीय डम्बर बहादुर रावल |
| ५ | सदस्य | श्री वीरेन्द्र कुमार यादव |
| ६ | सदस्य सचिव | श्री यज्ञ पुरी |

### कर्णाली प्रदेश योजना आयोगका आ.व. २०८१/०८२ मा रहनुभएका पदाधिकारीहरूको विवरण

| सि.नं. | पद | पदाधिकारीहरूको नाम, थर |
|---|---|---|
| १ | अध्यक्ष | माननीय यामलाल कडेल |
| २ | उपाध्यक्ष | माननीय सूर्यनाथ योगी |
| ३ | सदस्य | माननीय अशोकनाथ योगी |
| ४ | सदस्य | माननीय डम्बर बहादुर रावल |
| ५ | सदस्य | श्री वीरेन्द्र कुमार यादव |
| ६ | सदस्य सचिव | श्री रविलाल शर्मा |

## अनुसूची-३

## कर्णाली प्रदेश योजना आयोगको संगठन संरचना



## अनुसूची-४

## कर्णाली प्रदेश योजना आयोगको कर्मचारी दरबन्दी तेरीज

| पदनाम | तह | सेवा | समूह/उपसमूह | जम्मा दरबन्दी |
|---|---|---|---|---|
| प्रशासकीय प्रमुख | ९/१० तह | प्रशासन | सामान्य प्रशासन | १ |
| अधिकृत | ७/८ तह | प्रशासन | सामान्य प्रशासन | २ |
| तथ्याङ्क अधिकृत | ७/८ तह | आ.यो.त.त | तथ्याङ्क | १ |
| लेखा सहायक/अधिकृत | ५/६ तह | प्रशासन | लेखा | १ |
| सहायक/अधिकृत | ५/६ तह | प्रशासन | सामान्य प्रशासन | २ |
| सहायक | ४/५ | प्रशासन | सामान्य प्रशासन | १ |
| कम्प्युटर सहायक/ अधिकृत | ५/६ तह | विविध | विविध | १ |
| हलुका सवारी चालक | विहीन | इन्जि. | मेकानिकल/जनरल | ३ |
| कार्यालय सहयोगी | विहीन | प्रशासन | सा. प्रशासन | २ |
| **जम्मा** | | | | **१४** |

## अनुसूची-५

### कर्णाली प्रदेश योजना आयोगमा कार्यरत कर्मचारीहरूको विवरण

| सि.नं. | नाम थर | पद | श्रेणी/तह | सेवा | समूह/ उपसमूह | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | श्री गोपाल के.सी. | प्रशासकीय प्रमुख | अधिकृत नवौं | प्रशासन | सा.प्र. | |
| २ | श्री हरि बहादुर घर्ती | तथ्याङ्क अधिकृत | अधिकृत सातौ | आ.यो.त.त | तथ्याङ्क | |
| ३ | श्री मितलेश कुमार यादव | शाखा अधिकृत | अधिकृत सातौं | प्रशासन | सा.प्र. | |
| ४ | श्री सूर्य नेपाली | शाखा अधिकृत | अधिकृत सातौं | प्रशासन | सा.प्र. | |
| ५ | श्री तिलक प्रसाद सापकोटा | लेखा अधिकृत | अधिकृत छैठौं | प्रशासन | लेखा | |
| ६ | श्री सर्मिला थापा | प्रशासकीय अधिकृत | अधिकृत छैठौं | प्रशासन | सा. प्र. | |
| ७ | श्री फणिन्द्र प्रसाद शर्मा पौडेल | प्रशासकीय अधिकृत | अधिकृत छैठौं | प्रशासन | सा. प्र. | |
| ८ | श्री सुरज श्रेष्ठ | कम्प्युटर अपरेटर | रा.प.अनं. प्रथम | विविध | | काजकाज |
| ९ | श्री उपेन्द्र न्यौपाने | खरिदार | रा.प.अनं. द्वितीय | प्रशासन | सा. प्र. | कामकाज |
| १० | श्री प्रकाश कुमार वुढा | ह.स.चा. | श्रेणी विहिन | | | |
| ११ | श्री मोहन कुमार  थापा | ह.स.चा. | श्रेणी विहिन | | | |
| १२ | श्री राकेश कुमार चौधरी | ह.स.चा. | श्रेणी विहिन | | | |
| १३ | श्री निर्मल अधिकारी | का.स. | श्रेणी विहिन | | | |
| १४ | उस बहादुर सिंह | का.स. | श्रेणी विहिन | | | |
| १५ | दिपक बुढा | माली | श्रेणी विहिन | | | ज्यालादारी |

## अनुसूची-६

## प्रदेश विकास परिषद्को स्वरुप

## कर्णाली प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ को दफा ७ बमोजिम प्रदेश विकास परिषद्को स्वरुप

| | |
|---|---|
| (क) मुख्यमन्त्री | - अध्यक्ष |
| (ख) मन्त्री, आर्थिक मामिला तथा योजना मन्त्रालय | - सह-अध्यक्ष |
| (ग) प्रदेश सरकारका अन्य विभागीय मन्त्रीहरू र मन्त्रीको कार्यभार सम्हाल्ने राज्यमन्त्रीहरू | - सदस्य |
| (घ) आयोगको उपाध्यक्ष | - सदस्य |
| (ङ) प्रदेश संसदका प्रतिनिधित्व गर्ने संसदीय दलका नेता | - सदस्य |
| (च) प्रदेश संसदका समितिका सभापतिहरू | - सदस्य |
| (छ) आयोगका सदस्यहरू | - सदस्य |
| (ज) प्रदेश सरकारका मन्त्रालय वा निकायका सचिव वा प्रशासकीय प्रमुखहरू | - सदस्य |
| (झ) प्रदेश भित्रका जिल्ला समन्वय समितिका प्रमुखहरू तथा स्थानीय तहका प्रमुख वा उपप्रमुखहरू | - सदस्य |
| (ञ) प्रचलित कानून बमोजिम स्थापना भएका संघ वा संस्थाका प्रतिनिधि र निजी क्षेत्र लगायत विभिन्न क्षेत्र, वर्ग र समुदायको प्रतिनिधित्व हुने गरी राष्ट्रिय जीवनमा विशिष्ट योगदान पुर्याएका व्यक्तिहरू मध्येबाट कम्तिमा दुई जना महिला सहित प्रदेश सरकारबाट मनोनित ५ जना | - सदस्य |
| (ट) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | - सदस्य सचिव |

## अनुसूची-७

## प्रदेश विकास समस्या समाधान समितिको स्वरुप

**कर्णाली प्रदेश अनुगमन तथा मूल्याङ्कन निर्देशिका, २०७५ को दफा ३ को उपदफा (१) बमोजिम प्रदेश विकास समस्या समाधान समितिको स्वरुप**

| | |
|---|---|
| (क) मुख्यमन्त्री | - अध्यक्ष |
| (ख) मन्त्रीहरू, प्रदेश सरकार | - सदस्य |
| (ग) उपाध्यक्ष, आयोग | - सदस्य |
| (घ) सदस्यहरू, आयोग | - सदस्य |
| (ङ) प्रमुख सचिव, प्रदेश सरकार | - सदस्य |
| (च) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | - सदस्य |
| (छ) सदस्य सचिव वा निजले तोकेको आयोगको वरिष्ठ अधिकृत | - सदस्य सचिव |

## अनुसूची-८

## कर्णाली प्रदेशको दोस्रो पञ्चवर्षीय योजना (२०८१/८२-२०८५/८६)
## परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७९/ ८० को स्थिति | दोस्रो पञ्चवर्षीय योजनाको लक्ष्य | सोहौं योजनाको राष्ट्रिय लक्ष्य |
|---|---|---|---|---|---|
| १ | सुशासन | | | | |
| १ | अनलाइन प्रणालीबाट सेवा प्रवाह गर्ने सार्वजनिक निकाय | प्रतिशत | १३ | ३० | - |
| २ | विद्युतीय माध्यमबाट सूचना र सेवा प्रवाह गर्ने निकाय | सङ्ख्या | १८ | ४० | - |
| ३ | प्रदेशको कुल लेखापरीक्षण अङ्कको बेरुजुको अनुपात | प्रतिशत | २.५९ | १.५० | - |
| ४ | कुल विनियोजनमा पुँजीगत खर्चको अंश | प्रतिशत | ६५.७५ | ८५.०० | ९०.०० |
| ५ | मानवअधिकार उलंघनका घटना | सङ्ख्या | २८८ | १०० | - |
| २ | सामाजिक न्याय | | | | |
| १ | लैङ्गिक विकास सूचकाङ्क | मानक | ०.९०२ | ०.९३० | ०.९६७ |
| २ | उपभोगमा आधारित माथिल्लो १० र तल्लो ४० प्रतिशत जनसङ्ख्याको अनुपात (Palma Ratio) | प्रतिशत | ०.४२ | ०.३५ | ०.३३ |
| ३ | उपभोगमा आधारित गिनी गुणक | गुणक | ०.२९ | ०.२८ | ०.२८ |
| ४ | आधारभूत खानेपानीमा पहुँच पुगेको परिवार | प्रतिशत | ८८ | ९८ | ९९ |
| ५ | शौचालयको सुविधा प्राप्त गर्ने परिवार | प्रतिशत | ९७.०२ | १०० | |
| ६ | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | ३१ | ७५ | ९९ |
| ७ | आफ्नै स्वामित्वको आवासमा बसोबास गर्ने परिवार | प्रतिशत | ९४ | ९६ | - |
| ८ | आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसङ्ख्या | प्रतिशत | ६०.४ | ६२ | ६० |
| ९ | जीवनकालमा शारीरिक हिँसापीडित महिला | प्रतिशत | १५ | १२ | २० |
| १० | लैङ्गिक उत्तरदायी बजेटको अंश | प्रतिशत | ३९.०० | ४३.८ | - |
| ११ | उच्च खाद्य असुरक्षामा रहेको परिवार | प्रतिशत | ७.० | ५.० | १ |
| ३ | कर्णाली समृद्धि | | | | |
| १ | वार्षिक औसत आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा) | प्रतिशत | २.३४ | ९.९ | ७.६ |
| | कृषि क्षेत्रको औसत वृद्धिदर | प्रतिशत | ०.६० | ६.० | ४.३ |
| | उद्योग क्षेत्रको औसत वृद्धिदर | प्रतिशत | ०.३ | ११.४ | १२.४ |
| | सेवा क्षेत्रको औसत वृद्धिदर | प्रतिशत | ४.५ | ७.८ | ७.२ |
| २ | कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान | | | | |
| | कृषि | प्रतिशत | २९.४ | २६.२ | २१.४ |
| | उद्योग | प्रतिशत | १०.१ | १६.२ | १५.२ |
| | सेवा | प्रतिशत | ६०.५ | ५७.६ | ६३.४ |
| ३ | प्रतिव्यक्ति आय (अमेरिकी डलर) | डलर | १०३१ | १,६५७ | २,३५१ |
| ४ | निरपेक्ष गरिबीको रेखामनि रहेको जनसङ्ख्या | प्रतिशत | २६.६९ | १३.२ | १२ |
| ५ | बहुआयामिक गरीबिमा रहेको जनसङ्ख्या | प्रतिशत | ३९.५ | २२.५ | - |
| ६ | विद्युत् उत्पादन (जडित क्षमता) | मेगावाट | १६ | २०० | ११,७६९ |
| ७ | वर्षैभरी सिँचाइ सुविधा पुगेको कुल खेतीयोग्य जमिन | प्रतिशत | २७ | ४५ | ५० |
| ८ | मानव विकास सूचकाङ्क (आधार वर्षः सन् २०२१) | मानक | ०.५३८ | ०.६०० | ०.६२५ |
| ९ | श्रम उत्पादकत्व | रु. हजार | ८४ | १२० | ४०० |
| १० | बेरोजगारी दर | प्रतिशत | ७.५ | ५.० | ५.० |

| क्र.सं. | सूचक | एकाइ | २०७९/ ८० को स्थिति | दोस्रो पञ्चवर्षीय योजनाको लक्ष्य | सोह्रौं योजनाको राष्ट्रिय लक्ष्य |
|---|---|---|---|---|---|
| ११ | सडक यातायातले जोडिएको स्थानीय तह | सङ्ख्या | ७६ | ७९ | ७५३ |
| १२ | औषत सडक घनत्व (प्रतिवर्ग कि.मि.) | कि.मि. | ०.३० | ०.४० | ०.७७ |
| १३ | प्रादेशिक र स्थानीय सडक सञ्जाल विस्तार | कि.मि. | ३६३८ | ५००० | ४०६०० |
| १४ | विद्युत्मा पहुँच पुगेको परिवार | प्रतिशत | ७१ | ९५ | १०० |
| १५ | इन्टरनेटमा पहुँच पुगेको जनसङ्ख्या | प्रतिशत | ७४ | ८५ | ९० |
| १६ | ३० मिनेटको दुरीमा यातायातमा पहुँच भएको परिवार | प्रतिशत | ७६.२ | ९० | - |
| १७ | ३० मिनेटको दुरीमा स्वास्थ्य सेवामा पहुँच प्राप्त परिवार | प्रतिशत | ४३.१ | ७५ | ८६ |
| १८ | उच्च मध्यमस्तरको खानेपानी सुविधा पुगेको परिवार | प्रतिशत | ४.० | ३० | ४५ |
| १९ | रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | ४५.५ | ४८ | ५० |
| २० | खाना पकाउन दाउराको प्रयोग गर्ने परिवार | प्रतिशत | ८२.२ | ६० | - |
| २१ | सुरक्षित आवासमा बसोबास गर्ने घरपरिवार | प्रतिशत | ५६.२ | ६५ | - |
| २२ | जन्म हुँदाको अपेक्षित आयु | वर्ष | ७२.५ | ७३ | ७३ |
| २३ | ५ वर्षमनिका बालबालिकाको मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | सङ्ख्या | ४६ | २० | २२ |
| २४ | पाँच वर्षमनिका कम तौल भएका बालबालिका | प्रतिशत | १८ | १० | - |
| २५ | पाँच वर्षमनिका ख्याउटेपन भएका बालबालिका | प्रतिशत | ४ | २ | - |
| २६ | पाँच वर्षमनिका पुडकोपनको बालबालिका | प्रतिशत | ३६ | १८ | १७ |
| २७ | पाँच वर्षमनिका बालबालिकामा रक्तअल्पता | प्रतिशत | ४० | १२ | - |
| २८ | प्रजनन् उमेरका महिलाहरूमा रक्तअल्पता | प्रतिशत | २१.२ | १० | - |
| २९ | स्वास्थ्य विमामा आबद्ध जनसङ्ख्या | प्रतिशत | २९.२६ | ८० | ७० |
| ३० | साक्षरतादर (पाँच वर्ष र सोभन्दा माथि) | प्रतिशत | ७६.१ | ९५ | ९५ |
| ३१ | युवा साक्षरतादर (१५-२४ वर्ष) | प्रतिशत | ९३.८ | ९६ | - |
| ३२ | आधारभूत तह (१-८) मा खुद भर्नादर | प्रतिशत | ९५.५ | ९९ | १०० |
| ३३ | माध्यमिक तह (९-१२) मा खुद भर्नादर | प्रतिशत | ५६.२ | ८० | ९५ |
| ३४ | उच्च शिक्षामा कुल भर्नादर | प्रतिशत | १८.१ | २५ | २५ |
| ३५ | मातृ मृत्युदर (प्रतिलाखमा) | सङ्ख्या | १७२ | ७० | १०० |

स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय, राष्ट्रिय जनगणना २०७८, स्वास्थ्य विमा बोर्ड, सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश, कर्णाली प्रदेश आर्थिक सर्वेक्षण २०८०।८१ लगायतका प्रकाशन तथा प्रतिवेदन।

## अनुसूची-९


### कर्णाली प्रदेश योजना आयोगद्वारा आर्थिक वर्ष २०८१/०८२ मा सम्पादित प्रमुख क्रियाकलापहरूको तस्विरहरू




प्रदेश विकास परिषद्को तेस्रो बैठक



अन्तर प्रदेश सिकाई आदान प्रदान कार्यक्रम



प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ७) वीरेन्द्रनगर, सुर्खेत, फागुन १९ गते, २०८१ साल (संख्या २०

भाग-३

आर्थिक मामिला तथा योजना मन्त्रालय

कर्णाली प्रदेश, सुर्खेतको

सूचना

आयोजना प्रस्ताव तथा छनोट प्रक्रिया सम्बन्धी कार्यविधि, २०८१ कर्णाली प्रदेश सरकार मन्त्रिपरिषदबाट मिति २०८१/११/१३ मा स्वीकृत भएकोले यो सूचना प्रकाशित गरिएको छ।

आयोजनाको प्रस्ताव तथा छनोट सम्बन्धी कार्यविधि, २०८१



कर्णाली प्रदेश आयोजना बैंक (कार्यसञ्चालन तथा व्यवस्थापन) मापदण्ड, २०८१

कर्णाली प्रदेश सरकार

कर्णाली प्रदेश योजना आयोग

वीरेन्द्रनगर, सुर्खेत

कर्णाली प्रदेश आयोजना बैक (कार्यसञ्चालन तथा व्यवस्थापन मापदण्ड), २०८१




आयोजनाको प्रस्ताव तथा छनोट सम्बन्धी कार्यविधि, २०८१ को जिल्लागत अभिमुखीकरण कार्यक्रम



आवधिक योजना, आयोजना बैंक, मध्यमकालीन खर्च संरचना र बजेट सूचना प्रणाली बीचको अन्तरआवद्धता विषयक कार्यशाला



प्रदेश विकास समस्या समाधान समितिको बैठक सञ्चालन



दोस्रो आवधिक योजना तथा बजेट सम्बन्धी कार्यक्रम



बहुक्षेत्रीय पोषण कार्यक्रम-तेस्रो सम्बन्धी वडा स्तरीय अभिमूखीकरण कार्यक्रम सञ्चालन




मध्यमकालीन खर्च संरचना निर्माणका लागि फोकल पर्सनसँग छलफल कार्यक्रम




आवधिक योजना MTEF, PLMBIS र वार्षिक बजेट कार्यक्रमबीच अन्तरआवद्धता सम्बन्धी तालिम




प्रदेशस्तरीय बहुक्षेत्रीय पोषण कार्यक्रम-तेस्रो सम्बन्धी राष्ट्रिय समिक्षा कार्यक्रम





दोस्रो पञ्चवर्षीय योजनाको पुस्तक प्रकाशन




मध्यमकालीन खर्च संरचनाको पुस्तक प्रकाशन




आयोजना बैक व्यवस्थापन सूचना प्रणाली निर्माण




मध्यमकालीन खर्च संरचना व्यवस्थापन सूचना प्रणाली निर्माण



बहुक्षेत्रीय पोषण तेस्रो सम्बन्धी वडा स्तरीय अभिमूखीकरण कार्यक्रम



प्रदेश विकास समस्या समाधान समितिको बैठक सञ्चालन



सुर्खेत दशरथपुरस्थित कृषि अनुसन्धान केन्द्रमा मा० उपाध्यक्षज्यू, प्रशासकीय प्रमुख र केन्द्र प्रमुख



प्रदेश स्वास्थ्य नीति २०७५ र श्रम तथा रोजगार नीति २०७६ को नीति समिक्षा सम्बन्धी कार्यशाला




प्रदेश विकास समस्या समाधान समितिको बैठक



प्रदेश विकास समस्या समाधान उप-समितिको बैठक




अन्तरप्रदेश सिकाई आदानप्रदान: सुदुरपश्चिम प्रदेश र कर्णाली प्रदेश



कर्णाली प्रदेशको दोस्रो पञ्चवर्षीय योजनाको पुस्तक विमोचन कार्यक्रम